वर्ष २० | अंक ८७ | काठमाडौं | शुक्रवार, ५ पुस २०८१ | Friday, 20 December 2024 | पृष्ठ ८ | मूल्य रु. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

NEW BUSINESS AGE LTD.

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,

९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८

भाइबरमा SMS मात्र गर्नुहोस् हामी यताबाट कल गर्छौं ।



सिद्धार्थ बैंकद्वारा 'भिसा प्लाटिनम क्रेडिट कार्ड' सञ्चालन २

एनसेलले ल्यायो अनलिमिटेड डेटा सापटी सुविधा ३

पूर्व–पश्चिम विद्युतीय रेलमार्ग ४

जलवायु अनुकूलनका लागि सहकार्यको प्रतिबद्धता ८




# एनसेलको सेवा लिन कम्तीमा महीनाको प्याकेज लिनुपर्ने

## ६ महीनाभित्र लागू गर्ने योजना रहेको एनसेलको भनाइ

**विजय दमासे**

काठमाडौं

निजीक्षेत्रको दूरसञ्चार कम्पनी एनसेलले अब कम्तीमा १ महीनाको भ्वाइस तथा डेटा सेवा लिनुपर्ने गरी मोबाइल सेवा प्रदान गर्ने तयारी गरेको बताएको छ ।

केही वर्षयता आय लगातार घट्न थालेपछि सब्स्क्रिप्सनमा आधारित मोडलमा जान लागेको कम्पनीले बताएको छ । त्यस दिशामा जाने तयारीका लागि छोटो अवधिका १ देखि ३ दिनका सेवाका प्याकेज हटाइसकिएको कम्पनीले बताएको छ ।

कम्पनीका अनुसार भारतमा जस्तै २८ दिन वा त्योभन्दा बढी अवधिको प्याकेज तयार पारी सेवा दिने योजना छ । 'यो ग्राहकको एनसेलको सेवा लिने प्रतिबद्धतामा आधारित मोडल हो,' कम्पनीले आर्थिक अभियानलाई बतायो । यसका लागि कम्पनीले ग्राहकलाई भ्वाइस र डेटाको फरकफरक प्याकेज छान्ने अवसर दिनेछ । 'हामी आगामी ६ महीनाभित्र सब्स्क्रिप्सनमा आधारित मोडलमा जाने योजना छौं,' एनसेलका प्रमुख कार्यकारी अधिकृत जब्बोर कायुमोभले आर्थिक अभियानसँग भने, 'यस सन्दर्भमा नेपाल दूरसञ्चार प्राधिकरणसँग पनि कुरा भएको छ र उसको अनुमति प्राप्त भएमा ६ महीनाभित्रै लामो अवधिको सब्स्क्रिप्सनमा आधारित मोडलमा एनसेल जान्छ ।'

प्राधिकरणलाई यसबारे जानकारी दिनुपर्ने र स्वीकृति लिनुपर्ने एनसेलले बताएको छ । प्राधिकरणले पनि एनसेलबाट यस्तो प्रस्ताव आएको पुष्टि गरेको छ । यसमा प्राधिकरण पनि सकारात्मक रहेको सम्बद्ध अधिकारीले बताएका छन् ।

साना प्याकेज हटाएर कम्तीमा १ महीनाको प्याकेज ल्याउनेबारे प्राधिकरणले आवश्यक निर्णय लिने गरी छलफल अघि बढाएको प्राधिकरणका निर्देशक अर्जुन घिमिरेले बताए । 'दूरसञ्चार कम्पनी र ग्राहक दुवैलाई फाइदा हुने गरी सबैलाई लागू हुने कम्तीमा १ महीनाको प्याकेज ल्याउन दिनेबारे छलफल भइरहेको छ,' उनले भने, 'यसबारे छिट्टै निर्णय लिएर कार्यान्वयनमा जान्छौं ।' उनका अनुसार अहिले छरिएर रहेका प्याकेजहरू र त्यसको शुल्कमाथि समेत प्राधिकरणले नियमन बढाउँदै छ । निर्देशक घिमिरेका अनुसार अहिले टेलिकम कम्पनीहरूले ल्याइरहेको १ दिन, ३ दिन, ७ दिने प्याकेजहरू कम्तीमा ३० दिनसम्म अनिवार्य रूपमा दिनुपर्ने गरी कुरा अघि बढेको छ ।

एनसेल र नेपाल टेलिकमले डेटाको अवधि महीना दिनसम्म राख्न तयार रहेको अनौपचारिक रूपमा प्राधिकरणलाई जानकारी गराइसकेको प्राधिकरण अधिकारीहरूको दाबी छ । दूरसञ्चार प्रदायकहरूको आम्दानी घट्दो क्रममा रहेकाले यस उद्योगको वृद्धि र दिगोपन कायम गर्न १ महीना वा बढीको प्याकेजमा जानैपर्ने बाध्यता रहेको एनसेलको भनाइ छ ।

यही मोडालिटीमा जाँदा भारतका सबै दूरसञ्चार प्रदायकको आम्दानी बढ्दो क्रममा रहेको र नेपाल त्यही मोडालिटीमा नगई नहुने स्थिति रहेको कम्पनीले बतायो । 'यसले फाइभ-जीको डिजिटल भविष्यमा पुनः लगानीको बाटो खोल्छ,' कम्पनीले बुधवार पत्रकारहरू माझ गरेको प्रस्तुतीकरणमा उल्लेख छ । एनसेलका अनुसार दूरसञ्चार सेवा प्रदायकहरूको आम्दानी आर्थिक वर्ष (आव) २०७३/७४ मा ९७ अर्ब ३० करोड रहेकोमा आव २०८०/८१ मा घटेर ६८ अर्ब ६३ करोड रुपैयाँ भएको छ । यसले गर्दा दूरसञ्चार कम्पनीहरूको पुनः लगानी पनि उक्त अवधिमा १८ अर्ब ९८ करोडबाट ८ अर्ब ४१ करोड रुपैयाँमा झरेको एनसेलले जानकारी दिएको छ । भारतका तीन कम्पनीको आम्दानी सन् २०१९ देखि सन् २०२४ को बीचमा ११२ प्रतिशतले वृद्धि भएको एनसेलले आफ्नो प्रस्तुतीकरणमा उल्लेख गरेको छ ।

» बाँकी पृष्ठ ५ मा

Ncell

- नेपाल दूरसञ्चार प्राधिकरण पनि प्रस्तावमा सकारात्मक
- भारतमा सबै दूरसञ्चार कम्पनीका २८ दिनभन्दा बढीको प्याकेज
- नेपाल दूरसञ्चार कम्पनी (नेपाल टेलिकम) भने सरकारी नीतिअनुसार अघि बढ्ने

### घट्दो आम्दानीले फाइभ–जी अनिश्चित

भारत र चीनलगायत विश्वका धेरै देशमा फाइभ-जी इन्टरनेट सेवा व्यापक विस्तार भइरहे पनि नेपालमा यो कहिले शुरू हुने हो, अत्तोपत्तो छैन ।

कायुमोभले अहिले आम्दानी घटिरहेको परिप्रेक्ष्यमा फाइभ-जीमा लगानी गर्न नसकिने स्पष्ट पारे । 'अर्कोतिर नेपाल दूरसञ्चार प्राधिकरणले पनि हामीलाई फाइभ-जी परीक्षणको अनुमति दिएको छैन,' उनले भने, 'यसमा हामीलाई भेदभाव गरिएको छ । हामीले २ वर्षअघि नै परीक्षणका लागि अनुमति मागेका हौं ।'

कम्पनीका अनुसार फाइभ-जी उपकरणमा लगानी गर्न ३ देखि ५ वर्ष कम्तीमा पनि प्रतिवर्ष २० अर्ब रुपैयाँ लगानी चाहिन्छ । तर, हाल एनसेल र नेपाल दूरसञ्चार कम्पनीले गत आर्थिक वर्ष ८ अर्ब ४१ करोड रुपैयाँ मात्र पुनः लगानी गरेका छन्, जुन पर्याप्त नभएको एनसेलको भनाइ छ ।

### 'टिकटक प्रतिबन्धबाट दूरसञ्चार कम्पनीलाई १ अर्ब घाटा'

काठमाडौं (अस) । लोकप्रिय मोबाइल एप टिकटकमा प्रतिबन्ध लगाइँदा अनुमानित १ अर्ब रुपैयाँ बराबर नेपालका दूरसञ्चार प्रदायकहरूलाई घाटा लागेको एनसेलले बताएको छ ।

बुधवार पत्रकारमाझ दूरसञ्चार क्षेत्रको वर्तमान अवस्थाबारे प्रस्तुति दिँदै एनसेलले टिकटक प्रतिबन्धले वार्षिक अनुमानित १ अर्ब २० करोड रुपैयाँ घाटा दूरसञ्चार कम्पनीलाई हुने बतायो । तर, यस्तो प्रतिबन्ध १० महीना भएकाले १ अर्ब रुपैयाँ घाटाको हिसाब आउँछ ।

'हामीले टिकटक सञ्चालनमा रहँदा त्यसमार्फत हुने डेटा उपभोग र प्रतिबन्ध लागेपछि घटेको डेटा उपभोगलाई आधार मानेर अनुमानित वित्तीय प्रभाव सार्वजनिक गरेका हौं,' एनसेलका एक अधिकारीले भने, 'लोकप्रिय एपमा प्रतिबन्ध लाग्दा वा त्यसमा समस्या आउँदा हाम्रो डेटा उपभोग पनि घट्छ र त्यसले हाम्रो जस्तो कम्पनीको वित्तीय अवस्थामा असर गर्छ ।'




२०८० कात्तिक २७ मा तत्कालीन पुष्पकमल दाहाल नेतृत्वको सरकारले नेपालमा टिकटक बन्द गर्ने निर्णय गरेको थियो । टिकटकले प्रतिबन्ध फुकुवा गर्न बारम्बार अनुरोध गर्दै आएको थियो ।

गत भदौ ६ गते निर्देशिकाबमोजिम आधिकारिक रूपमा दर्ता हुनुपर्नेलगायत शर्तसहित प्रतिबन्ध फुकुवा गर्ने निर्णय सरकारले गरेको थियो । उक्त निर्णयको कार्यान्वयन भदौ २१ गते नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल सेवाप्रदायक र इन्टरनेट सेवाप्रदायकहरूलाई टिकटक चलाउन दिन चिठी लेखेपछि भएको थियो । नेपालमा अनुमानित २२ लाख टिकटक प्रयोगकर्ता छन् ।


# उत्पादनमूलक क्षेत्रमा लगानी बढाउँदै बीमा कम्पनी

**अभियान संवाददाता**

काठमाडौं

बीमा कम्पनीहरूले उत्पादमूलक क्षेत्रमा लगानी वृद्धि गर्न थालेका छन् । नेपाल बीमा प्राधिकरणले लगानी निर्देशिका संशोधन गरी कृषि, ऊर्जा, पर्यटनलगायत पूर्वाधार तथा उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने बाटो खुला गरेपछि कम्पनीहरू यसमा आकर्षित हुन थालेका हुन् ।


बीमा प्राधिकरणको तथ्यांकअनुसार चालू आर्थिक वर्ष (आव) २०८१/८२ को पहिलो त्रैमासिकसम्ममा बीमा कम्पनीहरूले पूर्वाधार तथा उत्पादनमूलक क्षेत्रमा ११ अर्ब २४ करोड रुपैयाँ लगानी गरेका छन् । यसमध्ये जीवन बीमा कम्पनीहरूको १० अर्ब २५ करोड र निर्जीवन बीमा कम्पनीहरूको ९९ करोड १६ लाख रुपैयाँ रहेको छ । गत आवको पहिलो त्रैमासिकसम्ममा भने बीमा कम्पनीहरूले पूर्वाधार तथा उत्पादनमूलक क्षेत्रमा ७ अर्ब ५१ करोड रुपैयाँ लगानी गरेका थिए । एक वर्षको अवधिमा कम्पनीहरूको लगानी करीब ५० प्रतिशतले वृद्धि भएको हो । हाल सञ्चालनमा रहेका १४ ओटा जीवन बीमा कम्पनीमध्ये ८ ओटाले यस क्षेत्रमा लगानी गरेका छन् । यसमा सबैभन्दा बढी राष्ट्रिय जीवन बीमा कम्पनीको ४ अर्ब ७७ करोड रुपैयाँ लगानी छ । यसैगरी १४ ओटा निर्जीवन बीमा कम्पनीमध्ये ५ ओटाले उत्पादन तथा पूर्वाधारमा लगानी गरेका छन् ।




तत्कालीन बीमा समितिले २०७५ चैतमा लगानी निर्देशिका संशोधन गर्दै कम्पनीहरूलाई मुद्दती निक्षेप र शेयरका अतिरिक्त घरजग्गा व्यवसाय र जलस्रोत, कृषि, पर्यटनलगायत पूर्वाधार तथा उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने बाटो खुला गरेको थियो । निर्देशिकाअनुसार कम्पनीहरूले आफ्नो कुल टेक्निकल रिजर्भमध्ये वाणिज्य बैंकमा न्यूनतम ४० प्रतिशत, पूर्वाधार विकास बैंकको मुद्दती निक्षेपमा न्यूनतम ४० प्रतिशत, विकास बैंकमा बढीमा २० र फाइनान्स कम्पनीमा बढीमा १० प्रतिशतसम्म लगानी गर्न पाउने व्यवस्था छ । सरकारको बचतपत्र र ऋणपत्रमा ५ प्रतिशतसम्म, पूर्वाधार बैंकको मुद्दतीमा ४० प्रतिशतसम्म, घरजग्गा व्यवसायमा ५ प्रतिशतसम्म, सूचीकृत कम्पनीको साधारण शेयरमा १० प्रतिशतसम्म र अग्राधिकार शेयरमा २० प्रतिशतसम्म लगानी गर्न पाउँछन् । यस्तै सूचीकृत कम्पनीका ऋणपत्रमा २० प्रतिशतसम्म, कृषि पर्यटन जलस्रोतलगायत पूर्वाधारमा २० प्रतिशतसम्म, नागरिक लगानी कोष र म्युचुअल फन्डमा ५ प्रतिशतसम्म लगानी गर्न पाउने व्यवस्था छ ।

कम्पनीहरूले पर्यटन तथा वायुसेवा क्षेत्रमा लगानी गर्न ड्यु डेलिजेन्स र सम्भाव्यता अध्ययन प्रतिवेदन, कृषिक्षेत्रका लागि ड्यु डेलिजेन्स, केबलकारका लागि १० वर्षको व्यावसायिक कार्ययोजना र घरजग्गा क्षेत्रमा सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्नुपर्ने प्रावधान छ । यी क्षेत्रमा प्राधिकरणको स्वीकृतिपछि मात्र कम्पनीहरूले लगानी गर्न पाउँछन् ।

चालू आवको असोजसम्ममा जीवन बीमा कम्पनीहरूको लगानी ६ खर्ब ७७ अर्ब ५९ करोड र निर्जीवन बीमा कम्पनीको ६७ अर्ब ३४ करोड रुपैयाँ पुगेको छ । त्यसमध्ये ६० प्रतिशतभन्दा बढी लगानी बैंक, वित्तीय संस्थाको मुद्दती निक्षेपमा छ । प्राधिकरणको निर्देशिकाअनुसार कम्पनीहरूले विस्तारै लगानी विविधीकरण गरिरहेको जीवन बीमक संघ नेपालका अध्यक्ष पोषकराज पौडेलले बताए । 'निर्देशिकाअनुसार कम्पनीहरूले विस्तारै उत्पादनका क्षेत्रमा लगानी गर्न थालेका छन्,' उनले भने, 'नयाँनयाँ क्षेत्र भएकाले जोखिम विश्लेषण गरेर लगानी गर्नुपर्छ ।' पछिल्लो समय कम्पनीहरूले स्वास्थ्य, शिक्षा, पर्यटन, कृषिलगायत कम्पनीमा लगानी गर्न थालेका छन् ।



# नेपाल र दक्षिण कोरियाबीच व्यापार प्रवर्द्धन गर्ने सम्झौता

**अभियान संवाददता**


काठमाडौं


नेपाल र दक्षिण कोरियाबीच व्यापार तथा लगानी प्रवर्द्धन सम्झौता भएको छ । दुई देशबीच दौत्य सम्बन्ध स्थापना भएको ५० वर्ष पुगेको अवसर पारेर उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र उनका कोरियाली समकक्षी च्योङ बिचले सम्झौतामा हस्ताक्षर गरेको मन्त्री भण्डारीको सचिवालयले बताएको छ ।


नेपाल र दक्षिण कोरियाबीच आर्थिक तथा व्यापारिक सम्बन्ध बढ्दो क्रममा रहेको सन्दर्भमा दुई देशबीच व्यापार तथा लगानी प्रवर्द्धन सम्झौता भएको छ । ठूलो संख्यामा नेपालीहरू अहिले कोरियाको श्रम बजारमा गएका छन् । दक्षिण कोरियाबाट नेपालमा लगानी पनि बढ्दो क्रममा रहेको छ । यस्तै कोरियाली कम्पनी सामसङले नेपालमा टेलिभिजन उत्पादन गर्न थालेको छ भने ह्युन्डाई ब्रान्डका केही गाडी नेपालमै उत्पादन हुन थालेका छन् । नेपाल राष्ट्र बैंकका अनुसार २०८० असारसम्ममा चुक्ता पूँजीका हिसाबले दक्षिण कोरियाको लगानी नेपालमा तेस्रो स्थानमा कायम रहेको र प्रत्यक्ष वैदेशिक लगानीको हिसाबले सातौं स्थानमा छ । दक्षिण कोरियाबाट नेपालले ८ अर्ब ७१ करोडको सामान आयात गरेको र ३३ करोड ५३ लाख रुपैयाँको निर्यात भएको भन्सार विभागले जानकारी दिएको छ ।

बिहीवार सम्पन्न हस्ताक्षर कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले दक्षिण कोरिया र नेपालको द्विपक्षीय सम्बन्ध स्थापना भएको ५० वर्ष पुगेको महत्त्वपूर्ण अवसरमा गरिएको (टीआईपीएफ) सम्झौताले दुई देशबीचको कूटनीतिक, सांस्कृतिक र आर्थिक सम्बन्धहरू नयाँ उचाइमा पुग्ने विश्वास व्यक्त गरे । उक्त अवसरमा उनले नेपालमा वैदेशिक लगानीका लागि उपयुक्त वातावरण निर्माण गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।

» बाँकी पृष्ठ ५ मा



## कर्जा सूचना केन्द्र लिमिटेडको

## बीसौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरू,**

कर्जा सूचना केन्द्र लिमिटेडको मिति २०८१ मंसिर १९ गते बसेको सञ्चालक समितिको १८९ औं बैठकको निर्णयानुसार देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न निम्नलिखित मिति, समय र स्थानमा यस केन्द्रको बीसौ वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थानः**

**मितिः २०८१ साल पौष २८ गते आईतबार (12th January 2025)**
**समयः बिहान ११:३० बजे**
**स्थानः Hotel Aloft, Chhaya Devi Complex, Thamel, Kathmandu**

**छलफलका विषयहरु**

**क) सामान्य प्रस्तावहरु**

१. आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका बित्तीय विवरणहरू सहित अनुसूचीहरूउपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्त तोक्ने । (लेखापरीक्षण समितिबाटः **S.R. Pandey & Co. Chartered Accountants.** लाई वार्षिक रू. ३,००,०००/-(अक्षरेपि रूपैयाँ तीन लाख मात्र) मूल्य अभिवृद्धि कर बाहेक नियुक्तिका लागि सिफारीस भएको) ।
४. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम प्रति शेयर रू १०/- अर्थात् चुक्ता पूँजीको दश (१०) प्रतिशतका दरले हुने रकम रू. ४,३६,२५,३८०/- (चार करोड छत्तिस लाख पच्चिस हजार तिन सय असी) कर कट्टा गरी नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
५. यस कम्पनीको नियमावली अनुसार गरिएको संचालक नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।

**(ख) विविध ।**

..........................................................
**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### बीसौ साधारण सभा सम्बन्धी सामान्य जानकारीः

१. शेयरधनीज्यूहरूको ठेगानामा कुरियरबाट पठाइने वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको वेबसाइट **www.cibnepal.org.np** मा पनि हेर्न सकिनेछ । कुनै कारणले प्रतिवेदन प्राप्त हुन नसकेको भए शेयरधनीज्यूहरूले यस कम्पनीको रजिष्टर्ड कार्यालयमा शेयरधनी प्रमाणपत्र प्रस्तुत गरी सो प्राप्त गर्न सकिने छ ।
२. लेखापरीक्षकको प्रतिवेदनसहित कम्पनीको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरू कम्पनी रजिष्टर्ड कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाडौंमा कार्यालय समयभित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपि माग गरेमा प्रतिलिपि दिने व्यवस्था मिलाईएको छ ।
३. सभामा उपस्थित हुने शेयरधनी कम्पनीको प्रतिनिधित्व गर्ने आधिकारिक पत्र साथमा लिई आउनुहुन अनुरोध छ । कथम कदाचित् सो सम्भब नभए शेयरधनी प्रमाणपत्र साथमा लिई आउनुहुन अनुरोध छ, अन्यथा सभाकक्षभित्र प्रवेश गर्न पाइने छैन ।
४. शेयरधनीज्यूहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ११:०० बजेदेखि सभा चालू रहेसम्म खुल्ला रहनेछ ।
५. साधारण सभाको काम कारवाही तथा अन्य कार्यविधि कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।
६. अन्य कुनै जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**कर्जा सूचना केन्द्र लिमिटेड**
हेरिटेज प्लाजा, कमलादी, काठमाडौं, फोन नः ४१६९०१५, ४१६९०१६, www.cibnepal.org.np

## कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०८१/९/५ गते**

यस महालक्ष्मी विकास बैंक लि.को तपसिलमा उल्लेखित शाखाहरुबाट तपाँई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाँईहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्था गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र बैंकमा उपस्थित हुनु भई तपाँई ऋणीहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको व्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ । अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशिका तथा बैंकको कर्जा असूली एवं धितो गैह्र बैंकिंग सम्पत्ति विक्री कार्यविधि लगायत प्रचलित कानून बमोजिम सम्वन्धित ऋणीलाई कर्जा सूचना लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला ।

**तपसिल**

### नेपालगंज शाखा :

**१) ऋणी : नुरअलि सप्लायर्स (प्रो. पुर्णा देवि बुढा, ना.प्र.नं. : ६३३०१२/३६९, जारी मिति र जिल्ला : २०६३/११/२५, दैलेख)**
प्रा.फा.रं.नं. २८६९६/०७५/०७६, दर्ता मिति : २०७५/४/२५
पान नं. ६०८२१८९९९
ठेगाना : नेपालगंज उ.प.म.न.पा- १०, बाकें

**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) पुर्णा देवि बुढा, बाबु : मारु भण्डारी, बाजे : रुद्र भण्डारी
ठेगाना : जिल्ला दैलेख, वडाभैरव वडा नं. ०३, हाल : नेपालगंज उ.प.म.न.पा- १८, बाकें ।
(ख) जमिल अहमद मनिहार, बाबु : समी अहमद मनिहार, बाजे : फत्तु अहमद मनिहार
ठेगाना : जिल्ला बाकें, मनिकापुर वडा नं. ०९, हाल नेपालगंज उ.प.म.न.पा- १८, बाकें ।

कर्जा शिर्षक : विपन्न वर्ग कर्जा

**धितो सुरक्षणको विवरण :** श्री रुद्र भण्डारीको नातिनी, श्री मारु भण्डारीको छोरी, जिल्ला दैलेख, वडाभैरव वडा नं. ०३, हाल जिल्ला बाकें, नेपालगंज उ.प.म.न.पा- १८, बाकें बस्ने वर्ष ३४ को श्री पुर्णादेवि बुढाको नाममा मालपोत कार्यालय नेपालगंज, बाकेंमा दर्ता श्रेस्ता कायम रहेका जिल्ला बाँके, खासकारकादो वडा नं. १ग स्थित कि.नं. ५२३ को क्षेत्रफल १६९.३० बर्ग मीटर को घर/जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

### अमरपथ (वुटवल) शाखा :

**१) ऋणी : रिसाल गहना सप्लायर्स (प्रो. पारस रिसाल, ना.प्र.नं. ३९१०४६/४७३, जारी मिति : २०६७/०७/१५, पाल्पा)**
प्रा.फ.र.नं. ३०१४२/०६९, दर्ता मिति २०६९/११/११ (वाणिज्य कार्यालय रुपन्देही)
पान नं. : ३०५६६९९०४
फर्मको ठेगाना : बुटवल न.पा. ६, रुपन्देही)

**२) ऋणी : मैया बि.क/पारस रिसाल, (ना.प्र.नं. ३९-०१-७३-०४०९९, जारि मिति : २०७३/०५/०५ पाल्पा/ना.प्र.नं. ३९१०४६/४७३, जारी मिति : २०६७/०७/१५, पाल्पा)**
मैया वि.क : (बाबु : टोपलाल सुनार, ससुरा : निर बहादुर बि.क, पति : केहर सिंह बि.क)
ठेगाना : बौघापोखराथोक ५ पाल्पा, हाल बुटवल उप महा न.पा. २ रुपन्देही
पारस रिसाल : (बाबु : केहर सिं बिश्वकर्मा, बाजे : निर बहादुर बि.क)
ठेगाना : बौघापोखराथोक ५ पाल्पा हाल बुटवल उप महा न.पा. २ रुपन्देही

**व्यक्तिगत जमानीकर्ताहरु :**
क) केहर सिंह बि.क, बाबु : निर बहादुर बि.क, बाजे : मनबिर बि.क
ठेगाना : बौघापोखराथोक ५ पाल्पा, हाल बुटवल उप महा न.पा. २ रुपन्देही
ख) मैया बि.क, बाबु : टोपलाल सुनार, ससुरा : निर बहादुर बि.क, पति : केहर सिंह बि.क
ठेगाना : बौघापोखराथोक ५ पाल्पा, हाल बुटवल उप महा न.पा. २ रुपन्देही
ग) पारस रिसाल, बाबु : केहर सिं बिश्वकर्मा, बाजे : निर बहादुर बि.क
ठेगाना : बौघापोखराथोक ५ पाल्पा, हाल बुटवल उप महा न.पा. २ रुपन्देही
घ) कमल बिश्वकर्मा, बाबु : केहर सिं बिश्वकर्मा, बाजे : निर बहादुर बि.क
ठेगाना : बौघापोखराथोक ५ पाल्पा, हाल बुटवल उप महा न.पा. २ रुपन्देही

कर्जा शिर्षक : व्यापार कर्जा ओ.डी र होमलोन टर्म

**धितो सुरक्षणको विवरण :** श्री निर बहादुर बि.क को बुहारी, टोपलाल सुनारको छोरी, श्री केहर सिंह बि.क को पत्नि, जिल्ला पाल्पा, बौघापोखराथोक वडा नं. ५ मा स्थाई ठेगाना भई हाल जिल्ला रुपन्देही बुटवल उप महा न.पा. २ बस्ने श्री मैया बि.क को नाममा मालपोत कार्यालय बुटवल रुपन्देहीमा दर्ता रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ४ स्थित कि.नं. ४०३ क्षे.फ. ०-०-५-० (बि.क.धु.) घर, जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं, फोन नं. ०१-५३६८१५३, ५३६८७१९
**कर्जा असूली विभाग** दरबारमार्ग, काठमाण्डौं, फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

# सिद्धार्थ बैंकद्वारा 'भिसा प्लाटिनम क्रेडिट कार्ड' सञ्चालन

काठमाडौं (अस) । सिद्धार्थ बैंक लिमिटेडले आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्ने अभिप्रायले 'भिसा प्लाटिनम क्रेडिट कार्ड' सञ्चालनमा ल्याएको छ, जुन भिसाद्वारा जारी गरिने विशिष्ट श्रेणीको कार्ड भएको बताइएको छ ।

यस कार्डलाई बिहीवार त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा जारी सिद्धार्थ बैंक नेपाल प्रिमियर लिगको खेल समाप्तिपछि सोही मञ्चबाट बैंकका प्रमुख कार्यकारी अधिकृत सुन्दरप्रसाद कँडेलद्वारा सार्वजनिक गरिएको थियो ।



यो कार्ड प्रयोग गर्ने ग्राहकले वार्षिक दुई पटकसम्म एयरपोर्ट लङमा निःशुल्क प्रवेश प्राप्त गर्न सक्नेछन् । त्यस्तै ग्राहकले कार्डको प्रयोग गरी ४५० भन्दा बढी युएनओ मर्चेन्टमा ४० प्रतिशतसम्म छूट प्राप्त गर्न सक्नेछन् । यो कार्ड प्रायोरिटी बैंकिङ कार्डको रूपमा प्रयोग गर्न सकिने र उक्त कार्ड प्रयोग गर्ने ग्राहकले बैंकिङ सेवामा प्राथमिकता पाउने बताइएको छ । प्लाटिनम क्रेडिट कार्ड नेपाल, भुटान र भारतमा प्रयोग गर्न सकिनेछ ।

उक्त कार्डका लागि शुरुआती ३ महीनाभित्र आवेदन दिने ग्राहकलाई निःशुल्क अन्तरराष्ट्रिय ट्राभल कार्ड समावेश गरिएको बताइएको छ । प्लाटिनम क्रेडिट कार्डले ग्राहकलाई विशेष प्राथमिकता दिने, उच्चस्तरीय सुविधा प्रदान गर्नुका साथै प्रयोगकर्ताको जीवनलाई सहज र व्यवस्थित बनाउने विश्वास बैंकको छ ।

यस कार्ड र यसका सुविधाबारे विस्तृत जानकारी पाउन बैंकको चौबीसै घण्टा सञ्चालनमा रहने ग्राहक सेवा केन्द्र 'सिद्धार्थ केयर'मा सम्पर्क गर्न सकिने बताइएको छ ।

## ४४ औं वार्षिक साधारण सभा र कार्य समितिको निर्वाचन सम्वन्धी सूचना

१. कार्य समितिको मिति २०८१ पौष २ गते बसेको नवौं बैठकको निर्णयानुसार यस महासंघको ४४ औं वार्षिक साधारण सभा **२०८१ पौष २६ गते शुक्रबार विहान ९:०० बजे देखि** र कार्यसमितिको निर्वाचन **२०८१ पौष २७ गते शनिबार विहान ८:३० बजे देखि यल दरबार भेन्यू, शंखमूल, ललितपुरमा** संचालन हुने व्यहोरा समस्त बहालवाला सदस्य महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । वार्षिक साधारण सभा र निर्वाचन कार्यक्रम रहेको विस्तृत सूचना सहितका आवश्यक कागजातहरु आदरणीय सदस्य महानुभावहरुको सम्वन्धित ठेगाना वा ईमेलबाट पठाईने छ ।
२. ४४औं वार्षिक साधारण सभामा भाग लिनका लागि आ.व. २०८१/८२ को वार्षिक शुल्क तिर्नु भएका वहालवाला सदस्य महानुभावहरुले मिति **२०८१ पौष १९ गते शुक्रबार** सम्म दर्ता शुल्क रु.१०००/- तिरी कार्यालय समयभित्र नाम दर्ता गर्नु हुन अनुरोध गर्दछौं ।
३. ४४औं वार्षिक साधारण सभामा विचारार्थ राख्नु पर्ने लिखित प्रस्ताव भएमा **२०८१ पौष ११ गते विहिवार** सम्ममा कार्यालय समय भित्र लिखित रुपमा दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।
४. जिल्ला हस्तकला संघ, बस्तुगत संघ, उद्योग, वाणिज्य तथा एसोसियट सदस्यहरुले सदस्यता दरखास्त फाराममा उल्लेख गरेको उम्मेदवार र प्रतिनिधि परिवर्तन गर्नु परेमा सभा शुरु हुनु १५ दिन अगावै अर्थात **२०८१ पौष ११ गते विहिवार** भित्रमा लिखित सूचना पठाउनु हुन अनुरोध गर्दछौं ।
५. महासंघको विधान को परिच्छेद ६ को दफा ६.२ (६) अनुसार जिल्ला हस्तकला संघ तथा वस्तुगत संघहरुले वार्षिक साधारण सभाको लागि मूख्य प्रतिनिधि सहित जम्मा २ जना प्रतिनिधिहरु नियुक्त गरी **२०८१ पौष ११ गते विहिवार भित्र** पठाई सक्नु पर्नेछ । उक्त २ प्रतिनिधिहरु मध्ये मुख्य प्रतिनिधिले मात्र निर्वाचनमा उम्मेदवारी दिन र मतदानमा भाग लिन पाईने व्यहोरा जानकारी गराउँदछौं ।

**४४औं वार्षिक साधारण सभा सम्वन्धी अन्य थप जानकारीको लागि महासंघमा सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं ।**

**उत्तम प्रसाद देवकोटा**
**महानिर्देशक**
**नेपाल हस्तकला महासंघ**
माइतीघर हाईट, काठमाडौं, नेपाल
फोनः ५३४४२३१/५३४५४६७/५३४३०१५
Email: fhan1972@gmail.com

**अप्पर सोलु हाईड्रो ईलेक्ट्रीक कम्पनी लिमिटेड**
**हात्तिसार, काठमाण्डौ**
फोन नंः ४५२६९४१/४२

## नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(दोश्रो पटक प्रकाशित मिति २०८१ पौष ०५ गते)**

यस कम्पनीको मिति २०८१।०८।२७ मा बसेको कम्पनीको सञ्चालक समितिको (बैठक नं. १७) निर्णयानुसार नवौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने निर्णय भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान** :
मिति : २०८१ साल पौष २६ गते
समय : बिहानको १०:०० बजे ।
स्थान : लिसारा रिसेप्सन, भगवतीबहाल, नक्साल (कृषि बिकास बैंकसँगै)

**सभामा छलफल हुने विषय सूचीहरु** :

**(क) सामान्य प्रस्तावहरुः**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/०८१ वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आर्थिक वर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. विभिन्न समितिमा सञ्चालक समितिबाट प्रतिनिधि गर्ने सञ्चालकको बैठक भत्ता अनुमोदन सम्बन्धमा ।
५. संस्थापक समुहका चार (४) जना सञ्चालकहरुको निर्वाचन सम्बन्धमा ।

**(ख) विविध**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी :**

१. नवौं वार्षिक साधारण सभा प्रयोजनको लागि यस कम्पनीको शेयर दाखिल खारेजी मिति २०८१/०९/०८ गते बन्द रहनेछ । शेयर दाखिला खारेजी बन्द हुने अघिल्लो कारोवार दिन अर्थात् मिति २०८१/०९/०७ गतेसम्म नेपाल स्टक एक्सचेन्जमा कारोबार भई प्रचलित कानून बमोजिम तोकिएको समयावधि भित्र यस कम्पनीको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड बालुवाटार, काठमाडौंमा प्राप्त शेयर नामसारीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा मतदान गर्न योग्य हुनु हुनेछ ।
२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले कम्पनीले उपलब्ध गराएको कागजात वा हितग्राहीखाताको प्रमाण तथा आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र अनिवार्य साथमा लिई आउनु हुन अनुरोध छ ।
३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ९:०० बजे देखि खुल्ला रहनेछ ।
४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेख) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन् । संयुक्त रुपमा शेयर लिएको शेयरधनीको हकमा सर्वसम्मत एक व्यक्ति मात्र सभामा भाग लिन पाउने छ । सर्वसम्मत प्रतिनिधि तोक्न नसकेको खण्डमा शेयरधनीको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले दिएको मत वा प्रतिनिधी पत्र मात्र सदर हुनेछ ।
५. सभामा भाग लिन स्वयं उपस्थित हुन नसक्ने भई प्रोक्सी मार्फत प्रतिनिधी नियुक्त गर्न चाहने शेयर धनी महानुभावहरुले सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, हात्तिसार, काठमाण्डौंमा प्रोक्सी दर्ता गरी सक्नु पर्नेछ । प्रतिनिधी (प्रोक्सी) नियुक्त गरीसक्नु भएको शेयरधनी स्वयम् सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा उक्त प्रोक्सी स्वतःवदर हुनेछ ।
६. नाबालक वा अशक्त शेयरधनीको प्रतिनिधीको हकमा कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र प्रतिनिधी तोक्न सक्नेछ ।
७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
८. प्रतिनिधी नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखतसँग मिल्नु पर्नेछ ।
९. कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सूचना, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक विवरणहरु कम्पनीको वेवसाईट https://ushec.com.np मा राखिने छ । कसैले हेर्न नसक्नु भएमा यस कम्पनीको रजिष्टर्ड कार्यालय हात्तिसार, काठमाण्डौं वा यस कम्पनीको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौंबाट उपलब्ध हुने व्यहोरा समेत अनुरोध गरिन्छ । शेयरधनीले आफ्नो प्रमाण प्रस्तुत गरी सो प्रतिवेदन लिनु हुनेछ ।
१०. शेयरधनीहरूबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त ब्यक्तिले जवाफ दिन सक्नेछन् ।
११. निर्वाचन सम्बन्धी कार्यक्रमहरु निर्वाचन अधिकृतले सूचना प्रकाशित गरे बमोजिम हुनेछ । निर्वाचन अधिकृतद्वारा निर्वाचन सम्बन्धी कार्य तालिका वार्षिक साधारण सभाको दिनभन्दा १० दिन अगावै हात्तिसार, काठमाडौंमा रहेको कम्पनीको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।
१२. यस कम्पनीको सञ्चालकहरुको "निर्वाचन कार्यविधि निर्देशिका २०७९" शेयरधनीहरुले यस कम्पनीको रजिष्टर्ड कार्यालयबाट रु. १,०००/- शुल्क तिरी प्राप्त गर्न सक्नुहुनेछ ।
१३. कुनै शेयरधनी महानुभावहरुलाई कम्पनी सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा शुरु हुनु भन्दा कम्तीमा ७ दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालय हात्तिसार, काठमाण्डौंमा पठाउनु हुन अनुरोध गर्दछौं । कानुनतः अन्यथा भनिएकोमा बाहेक यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
१४. अन्य विस्तृत जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय हात्तिसार, काठमाण्डौंमा कार्यालय समय भित्र फोन नं.४५२६९४१/४२ मा सर्म्पक राख्न सक्नु हुनेछ ।
१५. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

# फेब्रुअरीमा एम्बियन्टे मेला

काठमाडौं (अस) । मेस्से फ्रचांकफर्टले आयोजना गर्दै आएको प्रख्यात मेला 'एम्बियन्टे' नेपालका लागि समेत महत्त्वपूर्ण अवसर रहेको आयोजकले जनाएको छ । यो मेला सन् २०२५ को फेब्रुअरी ७ देखि ११ सम्म फ्र्यांकफटमा हुँदैछ । नेपालका लागि मेस्से फ्रचांकफटको आधिकारिक प्रतिनिधि मेस्से फ्रचांकफर्ट नेपालका अनुसार एम्बियन्टेले विश्वभरका प्रदर्शक र व्यापार आगन्तुकलाई नयाँ व्यावसायिक सम्पर्क बनाउन र व्यापारिक सम्झौता गर्न सक्षम बनाउँछ ।

यो मेला खाद्य, जीवनशैली, उपहार, कार्यालय सामग्रीलगायतको प्रदर्शनी तथा विक्रीका लागि लोकप्रिय रहेको संस्थाले बताएको छ । मेलाले नेपाली मौलिक वस्तुको पहिचान, प्रचारप्रसार र अन्तरराष्ट्रिय बजारीकरणमा ठूलो सहयोग पुऱ्याउन सक्ने समेत उल्लेख गरिएको छ । एम्बियन्टे जर्मनीका शहरहरू मात्र नभई जापानको टोकियो, चीनको शाङ्हाई, दक्षिण अफ्रिकाको साओ पाउलो र संयुक्त अरब इमिरेट्को दुबई जस्ता शहरमा समेत आयोजना हुने गरेको छ । यस वर्षको एम्बियन्टे भने जर्मनीको फ्रचांकफर्टमा आगामी फेब्रुअरी ७ देखि ११ सम्म हुँदै छ ।

मेस्से फ्रचांकफर्ट विश्वका अग्रणी व्यापार मेला आयोजकमध्ये एक हो, जसको मुख्य कार्यालय जर्मनीको फ्रचांकफर्टमा रहेको छ । उक्त संस्थाले विगत ८०० वर्षदेखि व्यापार मेला आयोजना गर्दै आएको बताइएको छ ।

# आइसिटी अवार्ड २०२४ को ग्राण्ड फिनाले आज

काठमाडौं (अस) । सूचना तथा सञ्चार प्रविधि क्षेत्रको प्रतिष्ठित अवार्डको रूपमा परिचित आइसिटी अवार्डको ग्राण्ड फिनाले आज (शुक्रवार) हुने भएको छ । काठमाडौंमा हुने 'इन्ड्राइभ आइसिटी अवार्ड २०२४ सपोर्टेड बाई एनसेल फाउन्डेसन इन एशोशिएसन विथ नेपालपे क्युआर, जेनस एण्ड जुम'मा विभिन्न १५ विधामा अवार्ड प्रदान गरिनेछ ।

सन् २०१६ देखि लिभिङ विथ आइसिटीले आयोजना गर्दै आइरहेको आइसिटी अवार्ड कार्यक्रम, विगत ६ महीनादेखि छनोट प्रक्रिया र प्रिइभेन्ट सम्पन्न गर्दै ग्राण्ड फिनालेसम्म आइपुगेको छ । फिनालेमा सूचना तथा सञ्चार प्रविधि क्षेत्रसँग सम्बन्धित स्टार्टअप, प्रडक्ट, इन्नोभेसन, उद्यमी, प्रोफेसनल, संघ संस्था गरी विभिन्न १५ विधाहरूमा विजेताको घोषणासँगै अवार्ड वितरण हुनेछ । यसैगरी सातै प्रदेशका उत्कृष्ट स्टार्टअपहरूलाई प्रोभिन्सियल स्टार्टअप आइसिटी रिकग्निसन २०२४ बाट समेत सम्मान गरिनेछ । अवार्डमा दक्षिण एसियाली देशहरुलाई लक्षित गरिएको साउथ एसिया स्टार्टअप आइसिटी अवार्ड सार्क राष्ट्रको सर्वोत्कृष्ट स्टार्टअपलाई प्रदान गरिनेछ ।

# कृषि मेलामा १४ हजारले गरे अवलोकन

चितवन (अस) । कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरद्वारा आयोजित 'कृषि प्रदर्शनी तथा कृषक मेला-२०८१' मा १४ हजार जनाले अवलोकन गरेका छन् । कृषि तथा वन विज्ञान विश्वविद्यालयको कृषि संकाय परिसरमा मङ्सिर २९ देखि शुरू भएको मेला बुधवार सम्पन्न भएको हो । मेला आयोजक कमिटीका सचिवालय संयोजक एवम् विश्वविद्यालयका अनुसन्धान तथा प्रसार निर्देशनालयका निर्देशक प्राडा ऋषिराम कट्टेलले मेला अवधि भर १४ हजार सहभागी भएको जानकारी दिए । मेलामा कृषि प्रविधि, ज्ञान र शीपको हस्तान्तरण भएको बताइएको छ ।

महोत्सवमा विश्वविद्यालयका विद्यार्थी, विभिन्न संकाय, कृषि उद्यमीका साथै केही व्यावसायिक स्टल गरी ९८ स्टल रहेका थिए । मेलामा निःशुल्क माटो परीक्षण, रैथानी बाली प्रदर्शन, कृषि उपकरणको प्रदर्शनी, निःशुल्क बाली एवम् पशु उपचार शिविर, बीउबिजन परीक्षण, बाली बीमा र कृषिकर्जा सम्बन्धी परामर्श, सरोकारवालाबीच विविध विषयमा अन्तरक्रिया तथा बहस, हाजिरी जवाफ प्रतियोगिता लगायतका गतिविधि भएका थिए ।

मेला आयोजक समिति संयोजक एवम् विश्वविद्यालयका उपकुलपति एवम् रजिष्ट्रार प्राडा शारदा थपलियाले ज्ञान, शीप र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले मेला आयोजना गरिएको बताइन् । किसान, विद्यार्थी र अनुसन्धानकर्ताबीच छलफल तथा कृषि क्षेत्रमा देखिएका समस्याको समाधानका लागि यस्ता मेलाले थप योगदान दिने थपलियाको भनाइ छ ।

## बार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०८१/०९/०५**

**आदरणीय शेयरसदस्य महानुभावज्यूहरू,**

यस हिम कन्सल्ट लि को संचालक समितिको २०८१।०९।०३ गतेबसेको बैठकको निर्णय अनुसार कम्पनीको बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौ ।

**मिति**: २०८१/०९/२६ गते
**समय**: अपरान्ह १.३० बजे
**स्थान**: कम्पनीको कार्यालय, का म पा ११, बबरमहल,काठमाण्डौ ।

**छलफलका लागि बिषयहरु**
क. संचालक समितिका अध्यक्षको प्रतिवेदन उपर छलफल गर्ने बारे,
ख. आ.व.०८०/०८१ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब स्वीकृत गर्ने बारे,
ग. आ.ब. ०८१/०८२ को लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने बारे,
घ. धितोपत्र दर्ता तथा सार्बजनिक शेयर निष्काशन र अख्तियारीबारे,
ङ. विविध ।

**संचालक समितिको आज्ञाले**
**हिम कन्सल्ट लि**
**का म पा ११ बबरमहल, काठमाण्डौ**
**०१ ५३६४६९६, ५३६४६९७**

# एनसेलले ल्यायो अनलिमिटेड डेटा सापटी सुविधा

काठमाडौं (अस) । एनसेलका ग्राहकले अब अनलिमिटेड डेटा सापटी लिन पाउने भएका छन् । सापटी सुविधा थप विस्तार गर्दै एनसेलले आफ्ना ग्राहकलाई अब ब्यालेन्स नभएको बेलामा १ दिन समयसीमा रहेको अनलिमिटेड डेटा सापटी लिन सकिने सुविधा ल्याएको जानकारी दिएको छ ।

कम्पनीका अनुसार यो सापटी सेवाअन्तर्गत आफ्नो मेन ब्यालेन्स रू. ५ भन्दा कम भएका प्रिपेड ग्राहकले १ दिन अर्थात् २४ घण्टा समयसीमा भएको अनलिमिटेड डेटा सापटी लिन सक्ने छन् । कम्पनीले यो सुविधा पुस १ गतेदेखि दिन थालेको हो ।

समयसीमा १ दिन रहेको अनलिमिटेड डेटाको शुल्क करसहित रू. ५० रहेको छ । ग्राहकले यो डेटा सापटी लिएपछि २४ घण्टासम्म एनसेलको मोबाइल इन्टरनेट सेवाको फाइदा लिन सक्छन् ।

ग्राहकले 'स्टार ९९८८ स्टार ह्यास' डायल गरी यो सुविधा लिन सक्ने बताइएको छ । सापटीमार्फत लिएको डेटाको शुल्क ग्राहकले ब्यालेन्स रिचार्ज गरेपछि काटिने कम्पनीले जानकारी दिएको छ ।

हाल जारी नेपाल प्रिमियर लिगका खेल अनलाइनबाटै हेर्ने लगायत इन्टरनेट सेवाको फाइदा लिन यो सुविधा धेरै उपयोगी हुने विश्वास एनसेलले लिएको छ । एनसेलले यो अनलिमिटेड डेटा बाहेक रू. ४० ब्यालेन्स सापटी, तीनदिने १ जीबी डेटा सापटी, ३ दिन समयसीमाको ९० मिनेट अल नेपाल टक टाइम सापटी सुविधा प्रदान गर्दै आएको छ ।


## नबिल बैंक लिमिटेड, बौद्ध शाखा, काठमाडौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/०९/०५)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

१

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४, बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०६३/७/१३ मा प्रा.फ.र.नं. ७६५१२/०६३/६४ स.पा.आ.नि अन्तर्गत दर्ता भएको **चन्द्रचुर्ण फर्निसिङ्ग ।**

ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ ।

**ऋणी फर्मका प्रोप्राइटरः**

लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २२०५ (जारी मिति २०५४/५/८, स्थान काठमाडौं) भएकी **प्रकृति सापकोटा ।**

**जमानतकर्ताको नाम र ठेगानाको विवरण**

लक्ष्मी प्रसाद दुलालकी नातिनि, शम्भु प्रसाद दुलालकी छोरी काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २७-०१-७१-१०१८५ (जारी मिति २०७१/१२/२२, स्थान काठमाडौं) भएकी **तन्वी दुलाल ।**

२

**ऋणीको नाम र ठेगानाको विवरण**

लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २२०५ (जारी मिति २०५४/५/८, स्थान काठमाडौं) भएकी **प्रकृति सापकोटा ।**

**ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

लक्ष्मी प्रसाद दुलालकी नातिनि, शम्भु प्रसाद दुलालकी छोरी काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २७-०१-७१-१०१८५ (जारी मिति २०७१/१२/२२, स्थान काठमाडौं) भएकी **तन्वी दुलाल ।**

३

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/१०/१५ मा दर्ता नं. २५४०५९/०७७/०७८ अन्तर्गत दर्ता भएको **चन्द्र सूर्य इन्टेरियर डिजाइन एण्ड होम डेकोर प्रा. लि. ।**

ठेगाना : काठमाडौं जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. ६ ।

**ऋणी कम्पनीका संचालक तथा ब्यक्तिगत जमानतकर्ताको विवरण**

१. लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २२०५ (जारी मिति २०५४/५/८, स्थान काठमाडौं) भएकी **प्रकृति सापकोटा ।**
२. गुमान सिंह तामाङको नाति कनक बहादुर तामाङको छोरा काभ्रे जिल्ला, महाँकाल न.पा. वडा नं. ७ स्थायी घर भई हाल काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ११५४९४ (जारी मिति २०५९/११/११, स्थान काभ्रे) भएका **संजय लामा ।**
३. हर्कमान लामाकी छोरी, कनक बहादुर तामाङकी बुहारी संजय लामाकी श्रीमति काभ्रेपलाञ्चोक जिल्ला, महांकाल चौर न.पा. वडा नं. ७ स्थायी घर भई हाल काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १३९९०६ (जारी मिति २०६२/३/६, स्थान काभ्रेपलाञ्चोक) भएकी **भगवती लामा ।**
४. लक्ष्मी नारायण सापकोटाको नाति लोकमणि सापकोटाको छोरा काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ४५६४० (जारी मिति २०६३/०९/२७, स्थान काठमाडौं) भएका **पर्जन्य सापकोटा ।**
५. लक्ष्मी प्रसाद दुलालकी नातिनि, शम्भु प्रसाद दुलालकी छोरी काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २७-०१-७१-१०१८५ (जारी मिति २०७१/१२/२२, स्थान काठमाडौं) भएकी **तन्वी दुलाल ।**

**चन्द्रचुर्ण फर्निसिङ्ग, प्रकृति सापकोटा र चन्द्र सूर्य इन्टेरियर डिजाइन एण्ड होम डेकोर प्रा. लि.को संयुक्त धितोको विवरण**

**धितोको विवरणः**

काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, **प्रकृति सापकोटा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २, नक्सा सीट नं १०२१०२५१९ मा अवस्थित कि.नं. ३६७ क्षेत्रफल १९८.६८ वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

४

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/११/१० मा दर्ता नं. २०९२८०/०७५/०७६ अन्तर्गत दर्ता भएको **ड्रिम इन्टरनेशनल ट्रेडिङ्ग प्रा. लि. ।**

ठेगाना : काठमाडौं जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. ३० ।

**ऋणी कम्पनीका संचालक तथा ब्यक्तिगत जमानतकर्ताको विवरण**

१. गुमान सिंह तामाङको नाति कनक बहादुर तामाङको छोरा काभ्रे जिल्ला, महाँकाल न.पा. वडा नं. ७ स्थायी घर भई हाल काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ११५४९४ (जारी मिति २०५९/११/११, स्थान काभ्रे) भएका **संजय लामा ।**
२. लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी काठमाडौं जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. १३९५८ (जारी मिति २०५९/१/२३, स्थान काठमाण्डौ) भएकी **परीक्षा सापकोटा ।**
३. हर्कमान लामाकी छोरी, कनक बहादुर तामाङकी बुहारी संजय लामाकी श्रीमति काभ्रेपलाञ्चोक जिल्ला, महांकाल चौर न.पा. वडा नं. ७ स्थायी घर भई हाल काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १३९९०६ (जारी मिति २०६२/३/६, स्थान काभ्रेपलाञ्चोक) भएकी **भगवती लामा ।**
४. लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २२०५ (जारी मिति २०५४/५/८, स्थान काठमाडौं) भएकी **प्रकृति सापकोटा ।**
५. दण्डपाणी भण्डारी शर्माको नाति टेकनाथ शर्माको छोरा काठमाडौं जिल्ला, वालुवा गा.प. वडा नं. २ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ३७५४/२६१४ (जारी मिति ०४५/१/१७, स्थान काठमाडौं) भएका **पुरुषोत्तम भण्डारी ।**

### तपसिल

**धितोको विवरण**

१. **परीक्षा सापकोटा, प्रकृति सापकोटा** र **संजय लामा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भक्तपुर जिल्ला, सिपाडोल न.पा. वडा नं. ८, नक्सा सीट नं ८क मा अवस्थित कि.नं. १२५३, २५५३ र २५५१ क्षेत्रफल ०-१०-०-२, ०-२-२-२ र ०-३-०-३ रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. **परीक्षा सापकोटा, प्रकृति सापकोटा** र **संजय लामा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भक्तपुर जिल्ला, नगरकोट न.पा. वडा नं. ९, नक्सा सीट नं ९क मा अवस्थित कि.नं. ५८५ र ५८६ क्षेत्रफल १-०-०-० र ३-३-२-०.११ रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**सवारी साधन धितोको विवरणः**

ऋणी **ड्रिम इन्टरनेशनल ट्रेडिङ्ग प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बागमती प्रदेश ०१ ०२६ च २६७१ भएको Mahindra Bolero.

५

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०४/०३ मा दर्ता नं. १९३४३७/०७५/०७६ अन्तर्गत दर्ता भएको **डिलाईट बिजनेश ग्रुप प्रा. लि. ।**

ठेगाना : काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ८ ।

**ऋणी कम्पनीका संचालक तथा ब्यक्तिगत जमानतकर्ताको विवरण**

१. लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २२०५ (जारी मिति २०५४/५/८, स्थान काठमाडौं) भएकी **प्रकृति सापकोटा ।**
२. लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी काठमाडौं जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. १३९५८ (जारी मिति २०५९/१/२३, स्थान काठमाण्डौ) भएकी **परीक्षा सापकोटा ।**
३. गुमान सिंह तामाङको नाति कनक बहादुर तामाङको छोरा काभ्रे जिल्ला, महाँकाल न.पा. वडा नं. ७ स्थायी घर भई हाल काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ११५४९४ (जारी मिति २०५९/११/११, स्थान काभ्रे) भएका **संजय लामा ।**
४. धर्म बहादुर सुवेदीको नाति केशर बहादुर सुवेदीको छोरा मोरङ्ग जिल्ला, उर्लाबारी न.पा. वडा नं. १ स्थायी घर भई हाल मोरङ्ग जिल्ला, उर्लाबारी न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ९९३/११३० (जारी मिति २०५१/७/३, स्थान मोरङ्ग) भएका **मोहन प्रसाद सुवेदी ।**
५. मित्र बहादुर बुढाथोकीकी छोरी, केशर बहादुर सुवेदीकी बुहारी मोहन प्रसाद सुवेदीकी श्रीमति मोरङ्ग जिल्ला, उर्लाबारी न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ३५७४२९२६ (जारी मिति २०५७/०१/१४, स्थान मोरङ्ग) भएकी **सिता बुढाथोकी सुवेदी ।**

**धितोको विवरण**

मोरङ जिल्ला, उर्लाबारी न.पा. वडा नं. ४ बस्ने, **सिता बुढाथोकी सुवेदी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ५, नक्सा सीट नं ५घ मा अवस्थित कि.नं. २८२४, २८२६ र २८७५ क्षेत्रफल ०-३-७.७५, ०-१-९ र ०-१-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

६

**ऋणीको नाम र ठेगानाको विवरण**

लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी काठमाडौं जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. १३९५८ (जारी मिति २०५९/१/२३, स्थान काठमाण्डौ) भएकी **परीक्षा सापकोटा ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

दण्डपाणी भण्डारी शर्माको नाति टेकनाथ शर्माको छोरा काठमाडौं जिल्ला, वालुवा गा.प. वडा नं. २ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ३७५४/२६१४ (जारी मिति ०४५/१/१७, स्थान काठमाडौं) भएका **पुरुषोत्तम भण्डारी ।**

**धितोको विवरण**

काठमाडौं जिल्ला, वालुवा गा.प. वडा नं. २ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ बस्ने, **पुरुषोत्तम भण्डारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, वालुवा गा.वि.स. वडा नं. २, नक्सा सीट नं २क मा अवस्थित कि.नं. ३६३ क्षेत्रफल २-८-०-० रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK ®

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१



नेशनल लघुवित्त वित्तीय संस्था लि.

NATIONAL LAGHUBITTA BITTIYA SANSTHA LTD.

राष्ट्रियस्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत प्राप्त लघुवित्त वित्तीय संस्था

केन्द्रीय कार्यालय, बनेपा नगरपालिका वडा नं.१०, काभ्रेपलाञ्चोक, फोन : ०११-६६५५७२,६६५५७३

Website : www.nationalmicrofinance.com.np

## ऋण कर्जा चुक्ता/भुक्तान गर्ने सम्वन्धि ३५ (पैतिस) दिने सार्वजनिक सूचना

यस नेशनल लघुवित्त वित्तीय संस्था लि. को तपशिलमा उल्लेखित चल(अचल सम्पत्ति सुरक्षण वापत धितो राखि वा नराखि बिभिन्न शाखा कार्यालयहरुवाट कर्जा कारोबार गरी यस वित्तिय संस्थासंगको सर्त कबुलियत बमोजिम समय समयमा कर्जाहरुको सावां ब्याज बुझाउनु पर्नेमा विगत लामो समय देखि कर्जाको (सावां ब्याज) तिर्न आलटाल गरेको, सो सम्वन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्र मार्फत तर ताकेता गर्दा समेत सो को वेवास्ता गरी संस्थालाई तिर्नु वुझाउनु पर्ने रकम नवुझाएको, ऋण कर्जा सम्वन्धी सर्त बन्देज उल्लंघन गर्नु भएकोले तपशिलमा उल्लेखित ऋणी तथा साक्षी/धनजमानीकर्ताहरुलाई ३५ दिनभित्र सम्बन्धीत शाखा कार्यालयमा सर्म्पक गरी कर्जा चुक्ता भुक्तान गर्नका लागि जानकारी गराइन्छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थाको शाखा कार्यालयमा सम्पर्क राखि यस संस्थाबाट लिएको सम्पूर्ण सांवा ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला अन्यथा बैक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उप दफा ११ अनुसार ऋणी तथा ब्यक्तिगत धन जमानीकर्ताको तिन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचिमा नाम समावेश गरिने, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतीबाट बाँकी लेना रकम असुल उपर गरिने ब्यहोरा समेत ऋणी जमानीकर्ता तथा सम्वन्धित सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ ।

| क्र.सं. | शाखाको नाम | ऋणीको नाम | ठेगाना | नागरिकता नं. | पिता/श्रीमानको नाम | हजुरवुवा/ससुराको नाम | धितोको विवरण |
|---|---|---|---|---|---|---|---|
| १ | अत्तरिया, कैलाली | बिबेक रावल | भिमदत्त न.पा. १८, कञ्चनपुर | ५७८००२६८ | भीम सिहं रावल | कालु सिहं रावल | सामूहिक जमानी |
| २ | अत्तरिया, कैलाली | विपिन रावल | भिमदत्त न.पा. १८, कञ्चनपुर | १६६९८४ | भीम सिहं रावल | कालु सिहं रावल | सामूहिक जमानी |
| ३ | अत्तरिया, कैलाली | सौनी देवी चौधरी | कृष्णपुर न.पा. ०४, कञ्चनपुर | ७५३००३/८२३ | पतीराम चौधरी थारु | गदु थारु | सामूहिक जमानी |
| ४ | अत्तरिया, कैलाली | जयन्ती दमाई | श्रीपुर गा.वि.स. ७ मझगाउ, कैलाली | ६७-०१-६९-०२६०० | दिल बहादुर दमाई | छोटे दमाई | सामूहिक जमानी |
| ५ | अत्तरिया, कैलाली | मनिषा उराव | श्रीपुर गा.वि.स. ७ मझगाउ, कैलाली | ६७१०१६/७४१४ | भोटु उराव | फागु उराव | सामूहिक जमानी |
| ६ | अत्तरिया, कैलाली | हिरा देवी क्षेडाल | श्रीपुर गा.वि.स. ६ स्याउले, कैलाली | ६७१०१६/५३७१ | टेक बहादुर क्षेडाल | धन बहादुर क्षेडाल | सामूहिक जमानी |
| ७ | अत्तरिया, कैलाली | भावना क्षेडाल | अत्तरिया न.पा. ०७ अत्तरिया, कैलाली | ६७-०१-७२-०९९१९ | मदन क्षेडाल | टेक बहादुर क्षेडाल | सामूहिक जमानी |
| ८ | अत्तरिया, कैलाली | ललिता देवी सारु मगर | उर्मा ०७, उर्मा कैलाली | ६७-०१-७१-०११९५ | भक्त बहादुर सारु मगर | सन्त बहादुर सारु मगर | सामूहिक जमानी |
| ९ | अत्तरिया, कैलाली | जमुना महत | श्रीपुर गा.वि.स. ६, स्याउले कैलाली | ६७-०१-७०-०९१४० | बसन्त महत | दली महत | सामूहिक जमानी |
| १० | अत्तरिया, कैलाली | धनसरी देवी रोकामगर | गोदावरी न.पा. ०८, बेलपानी कैलाली | ६७३०१३/६८ | चन्द्र बहादुर रोकामगर | बालराम रोकामगर | सामूहिक जमानी |
| ११ | अत्तरिया, कैलाली | विष्ना भट्ट | सिद्धपुर ५, बैतडी | ७३१०३८/७७ | पदम राज भट्ट | चन्द्र देब भट्ट | सामूहिक जमानी |
| १२ | अत्तरिया, कैलाली | छायाँ भट्ट | तिखातर गा.वि.स. ८, डोटी | ६७-०१-७३-०२८३१ | हेम राज भट्ट | मनिराम भट्ट | सामूहिक जमानी |
| १३ | लम्की, कैलाली | चन्द्रा कुमारी धमाला | बलिया ५ ,कैलाली | ६७२००२-१३५९० | मनोज जैशी | भुप्रे जैशी | सामूहिक जमानी |
| १४ | लम्की, कैलाली | सुश्री लक्ष्मी कुमारी रावल | धनसींपुर ०७, कैलाली | ३१०९ | रुपेश कार्की | धन बहादुर कार्की | सामूहिक जमानी |
| १५ | लम्की, कैलाली | सरीता बुढाक्षेत्री | पाताभार ४, बर्दिया | ६५३०२८–१०७९ | जगत बहादूर बुढाक्षेत्री | चन्द्र बहादूर बुढाक्षेत्री | घडेरी (धितो) |
| १६ | लम्की, कैलाली | जानकी महरा | शिर्ष ७, डडेलधूरा | ७४३०१३–१७१३ | डम्वर वहादूर खड्का | मन्धिर महरा | सामूहिक जमानी |
| १७ | लम्की, कैलाली | बिन्दु बिष्ट | दोदोधारा ०५, कैलाली | ६७२००२-१९१६ | पदम बहादुर बिष्ट | रन सिं बिष्ट | सामूहिक जमानी |
| १८ | लम्की, कैलाली | शोभा कुमारी बिष्ट | जानकीनगर ०४, कैलाली | ६७३०३६–०८ | पदम बहादुर बिष्ट | लाल बहादुर बिष्ट | सामूहिक जमानी |
| १९ | लम्की, कैलाली | दुर्गा देबी गिरी | टिकापुर न.पा. ०९, कैलाली | ५२७-११०५७ | कर्ण राज गीरी | दल गीरी | सामूहिक जमानी |
| २० | लम्की, कैलाली | चन्द्र रेखा बम | दुर्गोली ०७, कैलाली | २४९७ | बिरेन्द्र बम | डम्मर बहादुर बम | सामूहिक जमानी |
| २१ | लम्की, कैलाली | पुजा आचार्य | भिमापुर ०१, बर्दिया | ६५३०२३–७०२ | हरीस हमाल | शिवलाल हमाल | सामूहिक जमानी |
| २२ | झलारी, कञ्चनपुर | पार्बती भुल | भौनेली गाबिस ०७, बैतडी | ७३१०४८-१४९ | धर्म तीरुवा | जया भुल | सामूहिक जमानी |
| २३ | झलारी, कञ्चनपुर | रेखा आउजी | बेदकोट न.पा. ०२, बसन्थला कञ्चनपुर | ७५-०१-७६-११७३५ | किसन आउजी | पुरन आउजी | सामूहिक जमानी |
| २४ | झलारी, कञ्चनपुर | रामकुमारी देबी डगौरा | कृष्णपुर न.पा. ०२, बाणी सिबीर | ७५१००३-१५७ | चन्द्र बहादुर डगौरा | अमर बहादुर डगौरा | सामूहिक जमानी |
| २५ | झलारी, कञ्चनपुर | कुमारी चौधरी | कृष्णपुर न.पा. ०२, बाणी सिबीर | २०९९ | शिवलाल डगौरा | सोनुराम डगौरा | सामूहिक जमानी |
| २६ | झलारी, कञ्चनपुर | गिता देबी भट्ट | शुक्लाफाटा न पा ०४, बनसमीती | ७५३०१०/११६४ | हरीप्रशाद भट्ट | जयभान भट्ट | सामूहिक जमानी |
| २७ | झलारी, कञ्चनपुर | सारदा भुल | भौनेली गाबिस ०७, बैतडी | ७३-०१-६९-०२३६८ | नरेश भुल | जया भुल | सामूहिक जमानी |
| २८ | झलारी, कञ्चनपुर | विर्मा देबी वड | गोकुले ०२, बैतडी | ७८२/२३६०६ | जय सि भन्ने नर बहादुर वड | जंजाली वड | धितो कर्जा |
| २९ | झलारी, कञ्चनपुर | बीर सिहं धामी | मालिकाअर्जुन न.पा. ०१, दार्चुला | ७२३०३७/१३२ | झिमुवा सिहं धामी | रिउले सिहं धामी | धितो कर्जा |
| ३० | झलारी, कञ्चनपुर | नितु रावत | दैजी गाबिस ०६, बसन्थला कञ्चनपुर | २२९७५६९५ | मोहन सिहं रावत | कर्ण सिहं रावत | सामूहिक जमानी |
| ३१ | झलारी, कञ्चनपुर | मतु धामी | कृष्णपुर न. पा. ०२, बाणी कञ्चनपुर | ७५-०१-७४-००५८० | भिम बहादुर धामी | बलबिरे धामी | सामूहिक जमानी |
| ३२ | दोधारा चादी कञ्चनपुर | जैसरा देवी थापा | दोधारा गा.वि.स.-३ | ६२६ | नर सिह थापा | यम बहादुर थापा | सामूहिक जमानी |
| ३३ | दोधारा चादी कञ्चनपुर | मिना थापा | दोधारा गा.वि.स.-३ | ७५१००८।२५०२७ | त्रिलोक थापा | नर सिह थापा | सामूहिक जमानी |
| ३४ | दोधारा चादी कञ्चनपुर | विर बहादुर रावत | दोधारा गा.वि.स.-७ | ७५१००८।२८९ | बहादुर रावत | गीरी रावत | सामूहिक जमानी |
| ३५ | बेलौरी, कञ्चनपुर | लक्ष्मी पाण्डेय | बेलौरी न.पा.-०६ श्रीपुर, कञ्चनपुर | ७५३०१८/८४१ | चन्द्र प्रसाद पाण्डेय | सदानन्द पाण्डेय | सामूहिक जमानी |
| ३६ | बेलौरी, कञ्चनपुर | बिमला देवी चुनारा | बेलौरी न.पा. ०९, रत्तनपुर | ७५-०१-७०-०१७६५ | किसोर कुमार चुनारा | गणेश चुनारा | सामूहिक जमानी |
| ३७ | बेलौरी, कञ्चनपुर | गोविन्दी देवी टमटा | बेलौरी न.पा श्रीपुर-०९, भुराकोट | ७५२०१८/७२० | हरि राम टमटा | दलीराम टमटा | सामूहिक जमानी |
| ३८ | बेलौरी, कञ्चनपुर | मिश्री लाल राना | बेलौरी न.पा. ०८, कलकता | २२०१ | कल्लु राना | नन्था राना | धितो कर्जा |
| ३९ | बेलौरी, कञ्चनपुर | भिम कुमारी बि.क. | गितानगर-०६, चितवन | २६०० | सेते कामी | चन्द्रमोहन बिश्वकर्मा | सामूहिक जमानी |
| ४० | बेलौरी, कञ्चनपुर | मञ्जु पौडेल | पुर्नवास न.पा त्रिभुवनबस्ती-०७ | ७५३०२०/५९० | भिम बहादुर पौडेल | बल बहादुर पौडेल | सामूहिक जमानी |
| ४१ | बेलौरी, कञ्चनपुर | छुन्नकली राना | बेलडाडी गा.पा.-०२, चौवन्नी | ५/११०८ | शिवलाल राना | राम सिह राना | धितो कर्जा |
| ४२ | बेलौरी, कञ्चनपुर | पार्वती देवी जोशी | बेलौरी न.पा श्रीपुर-०९, भुराकोट | १६८९०८ | डम्मर राज जोशी | दामोदर जोशी | धितो कर्जा |
| ४३ | वौनिया कैलालि | घनश्याम विष्ट | दोदोधरा ०७, कैलालि | ६७२००४/२९२३३ | टिका विष्ट | जीती विष्ट | धितो कर्जा |
| ४४ | वौनिया कैलालि | रामफाल थारु | दोदोधरा ०९, कैलालि | २१५६७ | प्रदेशी थारु | कालु थारु | धितो कर्जा |
| ४५ | वौनिया कैलालि | आशा देवि चौधरी | घोडाघोडि नगारपालिका ०१, कैलालि | ७३०२९/६१५ | काला देउ चौधरी | लवारी चौधरी | धितो कर्जा |
| ४६ | वौनिया कैलालि | गंगाराम विश्वकर्मा | घोडाघोडि नगारपालिका ११, कैलालि | ४४३० | लाल वहादुर विश्वकर्मा | हर्क वहादुर विश्वकर्मा | धितो कर्जा |
| ४७ | वौनिया कैलालि | रुपेश कमार कठरिया | जोशीपुर गाँउपालिका ०३, कैलालि | ६७२०३९/२६२६ | रोशन लाल कठरिया | हिरुलाल कठरिया | धितो कर्जा |
| ४८ | वौनिया कैलालि | अमर वहादुर महतो | प्रतापपुर ०१, कैलालि | ९/२/५४/५२७ | लोक वहादुर महतो | वाधु महतो | धितो कर्जा |
| ४९ | वौनिया कैलालि | दल कुमारी रजालि | शान्तीनगर ०८, दाङ्ग | २१४/२६९० | फर्साराम रजाली | दल वहादुर रजाली | धितो कर्जा |
| ५० | वौनिया कैलालि | सुन्दी लाल चौधरी | चुहा ०२, कैलालि | १४३८१ | सेजुराम चौधरी | भागिाराम चौधरी | धितो कर्जा |
| ५१ | वौनिया कैलालि | कृष्णा साउद | घोडाघोडि नगारपालिका ०१, कैलालि | ६७-०२-७४।००१३५ | केशब बहादुर सावद | शेर बहादुर सावद | सामूहिक जमानी |
| ५२ | वौनिया कैलालि | धन बहादुर गौतम | घोडाघोडि नगारपालिका ०१, कैलालि | ४६४११२०९ | डम्वरी देवी गौतम | थिर बहादुर कार्की | सामूहिक जमानी |
| ५३ | वौनिया कैलालि | राजेश कुमार चौधरी | बर्दगोरिया गाउपालिका ०५, कैलाली | ८८२४ | भगतराम थारु | कन्दन थारु | सामूहिक जमानी |
| ५४ | वौनिया कैलालि | रुपा भण्डारी | दरख ०५, कैलालि | ६७६०४ | शिब लाल भण्डारी | मोति लाल भण्डारी | सामूहिक जमानी |
| ५५ | वौनिया कैलालि | प्रेम कुमारी श्रेष्ठ | वरभञ्याङ ०२, तनहु | १५९२ | लाल प्रशाद श्रेष्ठ | हरि लाल श्रेष्ठ | सामूहिक जमानी |
| ५६ | वौनिया कैलालि | चक बहादुर बुढा | घोडाघोडि नगारपालिका ०१, कैलालि | ३१४९६/९९६ | खड्ड बहादुर बुढा | पदम बुढा | सामूहिक जमानी |
| ५७ | वौनिया कैलालि | धना देवी थरुनी | लम्की चुहा नगारपालिका ०९, कैलालि | ११८१ | बाधु राम डगौरा थारु | जोगि डगौरा थारु | सामूहिक जमानी |
| ५८ | वौनिया कैलालि | जिबन कुमार डगौरा | बर्दगोरिया गाउपालिका ०६, कैलाली | ३८०१४ | बिर बहादुर डगौरा | कुल राज डगौरा | सामूहिक जमानी |
| ५९ | वौनिया कैलालि | अर्जुन बहादुर विश्वकर्मा | घोडाघोडि नगारपालिका ०१, कैलालि | ६७१००८/८९३३ | चन्द्र बहादुर वि.क | रतन बहादुर विश्वकर्मा | सामूहिक जमानी |
| ६० | वौनिया कैलालि | गोपाल धामी | घोडाघोडि नगारपालिका ०१, कैलालि | ६७१०२९/१२७३३ | गंगा धामी | भजन सिह धामी | सामूहिक जमानी |
| ६१ | वौनिया कैलालि | राजेश कुमार चौधरी | जोशीपुर गाँउपालिका ०१, कैलालि | २०६०९ | रुपा कुमारी चौधरी | भरथरु डगौरा थारु | सामूहिक जमानी |
| ६२ | वौनिया कैलालि | रुपा भण्डारी | घोडाघोडि नगारपालिका ०१, कैलालि | ६७६०४ | शिब लाल भण्डारी | मोति लाल भण्डारी | सामूहिक जमानी |
| ६३ | वौनिया कैलालि | प्रेम कुमारी श्रेष्ठ | घोडाघोडि नगारपालिका ०१, कैलालि | १५९२ | लाल प्रशाद श्रेष्ठ | हरि लाल श्रेष्ठ | सामूहिक जमानी |
| ६४ | वौनिया कैलालि | चक बहादुर बुढा | घोडाघोडि नगारपालिका ०१, कैलालि | ३१४९६/९९६ | खड्ड बहादुर बुढा | पदम बुढा | सामूहिक जमानी |
| ६५ | वौनिया कैलालि | धना देवी थरुनी | लम्की चुहा नगारपालिका ०९, कैलालि | ११८१ | बाधु राम डगौरा थारु | जोगि डगौरा थारु | सामूहिक जमानी |
| ६६ | वौनिया कैलालि | जिबन कुमार डगौरा | बर्दगोरिया गाउपालिका ०६, कैलाली | ३८०१४ | बिर बहादुर डगौरा | कुल राज डगौरा | सामूहिक जमानी |
| ६७ | वौनिया कैलालि | अर्जुन बहादुर विश्वकर्मा | घोडाघोडि नगारपालिका ०१, कैलालि | ६७१००८/८९३३ | चन्द्र बहादुर वि.क | रतन बहादुर विश्वकर्मा | सामूहिक जमानी |
| ६८ | वौनिया कैलालि | गोपाल धामी | घोडाघोडि नगारपालिका ०१, कैलालि | ६७१०२९/१२७३३ | गंगा धामी | भजन सिह धामी | सामूहिक जमानी |
| ६९ | गेटा कैलालि | बिमला घिमिरे | गेटा-३, कैलाली | ६७१०१७/८५५४ | भक्त नन्द गिरी | बर्मान्द गिरी | सामूहिक जमानी |
| ७० | गेटा कैलालि | पदमा जोरा | रैकबार बिचवा-८, कञ्चनपुर | १६३२ | सकराम जोरा | डम्बर सि जोरा | सामूहिक जमानी |
| ७१ | गेटा कैलालि | जानकी जोरा | दशरथ चन्द १३, बैतडी | ६७१०१७/५२१९ | सुरेश कुमार जोरा | सकराम जोरा | सामूहिक जमानी |
| ७२ | गेटा कैलालि | जानकी देबी ठगुन्ना | गेटा-८, कैलाली | ७३१०२६/३२९९ | तिलक सिह ठगुन्ना | केशर सिह ठगुन्ना | सामूहिक जमानी |
| ७३ | गेटा कैलालि | कलावती देबी बोहरा | देहीमाण्डौ-७, बैतडी | २२१ | कबिन्द्र सिह बोहरा | तिलक बहादुर बोहरा | सामूहिक जमानी |
| ७४ | गेटा कैलालि | टकी अधिकारी | कालिकास्थान ०७, अछाम | ४२५४८ | दिर्घ राज अधिकारी | जन्मजय अधिकारी | सामूहिक जमानी |
| ७५ | गेटा कैलालि | सम्झना घिमिरे | धनगढी उपमहानगरपालिका ०१, कैलालि | ६७१०२०/७१४० | रमेश सुनार | जगत बहादुर सुनार | सामूहिक जमानी |
| ७६ | गेटा कैलालि | लक्ष्मी चौधरी | अत्तरिया-११, कैलालि | ६७-०१-७१-०२७४८ | खड्क बहादूर चौधरी | दोनी राम चौधरी | सामूहिक जमानी |
| ७७ | गेटा कैलालि | फूल कूमारी चौधरी | गेटा-७, कैलाली | ६७१०१७/७०१५ | राजकूमार चौधरी | गेवाली चौधरी | सामूहिक जमानी |
| ७८ | गेटा कैलालि | पार्बती देबी चौधरी | गेटा-७, कैलाली | ६७१०१७/१४७४ | सूखराम चौधरी | दयाराम चौधरी | सामूहिक जमानी |
| ७९ | गेटा कैलालि | मन बूझौनी चौधरी | गेटा-७, कैलाली | ६७१०१७/२२१५ | कृष्णा चौधरी | देउजी डगौरा | सामूहिक जमानी |
| ८० | गेटा कैलालि | लक्ष्मी चौधरी | गेटा-७, कैलाली | ५१८९२ | हरि प्रसाद चौधरी | कासीराम चौधरी | सामूहिक जमानी |
| ८१ | गेटा कैलालि | मिना रैका आउजी | धनगढी उपमहानगरपालिका ०२, कैलालि | ६७१०२०/६८८१ | दिपेन्द्र रैका आउजी | चन्द्र बहादुर रैका आउजी | सामूहिक जमानी |
| ८२ | गेटा कैलालि | ईश्बरा घिमिरे | फूलबारी-१, कैलाली | ३८५२१ | छबिलाल खतिबडा | चन्द्र कान्त खतिबडा | सामूहिक जमानी |
| ८३ | कटहरी, मोरङ्ग | श्रीमती सावित्री शर्मा | विराटनगर २, मोरङ | १०३५६ | मोहन कूमार शर्मा, लामिछाने | लक्ष्मी प्रसाद शर्मा | सामूहिक जमानी |
| ८४ | कटहरी, मोरङ्ग | उत्तरा लामिछाने | विराटनगर २, मोरङ | ६१९५३/६२९५३ | सूभव वर्मा | राजभूषण वर्मा | सामूहिक जमानी |
| ८५ | कटहरी, मोरङ्ग | ममता सिंह शाह | विराटनगर १८, मोरङ | १५८७० | प्रिन्स सन्तोष शाह | मिश्री लाल साह | सामूहिक जमानी |
| ८६ | कटहरी, मोरङ्ग | विनोद कूमार राजवंशी | गोविन्दपूर १, मोरङ | ०५२०१२/४५९१ | जिवन राजवंशी | तिवाकू राजवंशी | सामूहिक जमानी |
| ८७ | कटहरी, मोरङ्ग | आनन्दमोर (अग्रवाल) | रंगेली १, मोरङ | ०५३०५०/१०३० | गिरिधारीलाल अग्रवाल | वृजलाल अग्रवाल | सामूहिक जमानी |
| ८८ | कटहरी, मोरङ्ग | सरविन्द्र कूमार यादव | खेसहरीया ४, रौतहट | ३६३ | गैगाराम राय यादव | सिताराम यादव | सामूहिक जमानी |
| ८९ | कटहरी, मोरङ्ग | जय प्रकास यादव | महादेवा ६, सप्तरी | १६१०३८/४४६ | नरेन्द्र कूमार यादव | फौदी यादव | सामूहिक जमानी |
| ९० | कटहरी, मोरङ्ग | जिवन कूमारी विष्ट | गौरादह ७, झापा | ४७०६/१३० | रुद्र वहादूर मगर | भक्त वहादूर मगर | सामूहिक जमानी |
| ९१ | कटहरी, मोरङ्ग | प्रिती शाही | द्रवेशा १, मोरङ | २६६८९/३१९१ | उमेश कूमार पाण्डे | राम प्रसाद पाण्डे | सामूहिक जमानी |
| ९२ | कटहरी, मोरङ्ग | सरिता देवी अधिकारी | चाक्सीभोट ७, ताप्लेजुङ | ७३१४/१०१ | हरिकृष्ण अधिकारी | भगिरथ अधिकारी | सामूहिक जमानी |
| ९३ | कटहरी, मोरङ्ग | हरिहर देवी राय | विराटनगर १३, मोरङ | ५३०७८/७७ | घोघन राय | मूनेश्वर राय | सामूहिक जमानी |
| ९४ | कटहरी, मोरङ्ग | शिला अमात्य | विराटनगर १९, मोरङ | ५९१४१६०७ | रामकृष्ण अमात्य | ललित वहादूर अमात्य | सामूहिक जमानी |
| ९५ | कटहरी, मोरङ्ग | रमा धिमिरे | विराटनग ४, मोरङ | ४०५९२ | अनिल घिमिरे | निधीविनोद घिमिरे | सामूहिक जमानी |
| ९६ | कटहरी, मोरङ्ग | रेखा गूजराती | विराटनगर १६, मोरङ | १५१०३ | राजेश गूजराती | पोपट गूजराती ड. | सामूहिक जमानी |
| ९७ | कटहरी, मोरङ्ग | चन्द्रा कूमारी राई | मोतिपूर ५, मोरङ | ०५३०४५/९० | अशोक कूमार चौधरी | जितनारायण चौधरी | सामूहिक जमानी |
| ९८ | कटहरी, मोरङ्ग | सूनिता कूमारी पंजियार | गिराटनगर,१७, मोरङ | ५३५३९ | श्रवण कापडी | डोमन कापडी | सामूहिक जमानी |
| ९९ | कटहरी, मोरङ्ग | निरु देवी हलूवाई | गिराटनगर,१४मोरङ | ३१०९ | दिलिप कूमार हलूवाई | पूरुष चन्द्र हलूवाई | सामूहिक जमानी |
| १०० | कटहरी, मोरङ्ग | जित नारायण राजवंशी | टंकिसिनवारी २ मोरङ | ०५१०१८/५२० | देव नारायण राजवंशी | छेरु राजवंशी | सामूहिक जमानी |
| १०१ | कटहरी, मोरङ्ग | अमित कूमार साह | भाथिगछ २, मोरङ | ०५–०१–७३–०४८५७ | देव नारायण साह | मातवर साह | सामूहिक जमानी |
| १०२ | कटहरी, मोरङ्ग | मंजू कूमारी दास | विराटनगर १३, मोरङ | ८६६/५५८२ | बिमल दास | पशूपती लाल दास | सामूहिक जमानी |
| १०३ | कटहरी, मोरङ्ग | भार्गवी कूमारी कर्ण | विराटनगर १०, मोरङ | ९६९१२४२९ | रबिन्द्र लाल चौधरी | सत्य लाल चौधरी | सामूहिक जमानी |
| १०४ | कटहरी, मोरङ्ग | चित्र बहादूर खड्का | विराटनगर ७, मोरङ | ३८८०/६३६४/३११ | नेत्र बहादूर खड्का | सेर बहादूर अधिकारी | सामूहिक जमानी |
| १०५ | कटहरी, मोरङ्ग | तेत्रा देवी राम सार्की | विराटनगर २०, मोरङ | ३५६०५ | राजेन्द्र राम सार्की | हरदेव राम | सामूहिक जमानी |
| १०६ | कटहरी, मोरङ्ग | प्रमिला अमात राय | विराटनगर १३, मोरङ | १८४०९ | रघूनन्दन राय | भूनेश्वर राय | सामूहिक जमानी |
| १०७ | कटहरी, मोरङ्ग | गिता देवी ठठेरी | विराटनगर १२, मोरङ | ३९९२ | सूर्य नारायण ठठरी | सिङहेश्वर साह | सामूहिक जमानी |
| १०८ | कटहरी, मोरङ्ग | निलू राई | विराटनगर १३, मोरङ | १८४४२ | बिनोज राई | स्व.मंगल सिंह राई | सामूहिक जमानी |

खोज नवप्रवर्तनको इन्जिन हो । नवप्रवर्तनले आर्थिक वृद्धि गराउँछ । त्यसैले हामी सबै खोजमा लागौं ।
**- इडिथ वाइडर**

### सम्पादकीय

# बढ्दो बैंकिङ कसुर

नेपालमा समग्र अपराधका घटना बढ्दै गएको छ । त्यसमा बैंकिङ कसुर पनि पर्छ । प्रहरी प्रधान कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार २०८१ साउनदेखि कात्तिकसम्म काठमाडौं, भक्तपुर र ललितपुरमा मात्र २ हजार ६२९ बैंकिङ कसुरका मुद्दा दर्ता भएका छन् । गतवर्ष सोही अवधिमा उपत्यकामा २ हजार ३७९ मुद्दा दर्ता भएका थिए । यसरी बैंकिङ कसुरका घटना किन बढिरहेका छन् त ?

गत आर्थिक वर्षको साउनदेखि कात्तिकको तुलनामा चालू आर्थिक वर्षमा ढेढ सयभन्दा बढी मुद्दा दायर भएका छन् । वित्तीय क्षेत्रमा अपराध बढ्दै जाँदा प्रहरीलाई अनुसन्धान गर्न नै समस्या भएको छ र उसले यसका लागि अलग्गै निकाय आवश्यक भएको बताएको छ । बैंकिङ कसुरमा सबैभन्दा बढी चेक अनादरको मुद्दा पर्ने गरेको छ । खातामा पैसा नहुँदा पनि जानाजान चेक काटेर दिँदा चेक अनादरको मुद्दा लाग्छ । अहिले मुलुकको अर्थतन्त्र समस्यामा छ । घरजग्गा कारोबार ठप्प जस्तै हुँदा धेरैको लगानी अड्किएको छ । त्यसले गर्दा कारोबार बिग्रिएर पनि यस्तो कसुरको मात्रा बढेको देखिन्छ ।

बैंकिङ कसुरका घटना बढ्नुमा धितो मूल्यांकनमा हुने गडबडीलगायत समस्या पनि छन् । नेपालमा बैंकिङ क्षेत्र तुलनात्मक पारदर्शी रहेको छ । तर पनि विभिन्न कर्जा प्रवाहमा समस्या रहेको देखिन्छ । जसका कारण बैंकिङ कसुर बढेको देखिन्छ ।

कानूनी व्यवस्थाविपरीत बैंक तथा वित्तीय संस्थाको रकम हिनामिना गर्नुलाई बैंकिङ कसुर भनिन्छ । विद्यमान कानूनी व्यवस्थाअनुसार अनधिकृत रूपमा खाता खोल्ने तथा रकम भुक्तानी दिने, अनधिकृत रूपमा एउटा व्यक्ति वा संस्थाको चेक तथा खाताको विवरण अन्य कुनै व्यक्ति वा संस्थालाई दिने, धितोको अस्वाभाविक मूल्यांकन गरी ऋण लिने तथा दिने काम बैंकिङ कसूरभित्र पर्छन् । नेपालमा बैंकिङ कसूर तथा यसमा दिइने सजायको बारेमा 'बैंकिङ कसूर तथा सजाय ऐन, २०६४'

**मूलतः बैंकिङ र सहकारी क्षेत्रको स्वनियमन, संस्थागत सुशासनबाट नै यस्ता घटना अधिक नियन्त्रण हुन्छ । त्यसपछि बलियो नियामकका माध्यमबाट यस्ता अपराध घटाउन थप मद्दत मिल्छ ।**

मा उल्लेख गरिएको छ । बैंक तथा वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत वा कर्मचारीले सो बैंक तथा वित्तीय संस्थाको विनियमावलीबमोजिम पाउने कर्मचारी सुविधाअन्तर्गतको कर्जा वा सापटीबाहेक अन्य तरीकाले कर्जा वा सापटी लिने, अथवा बैंक तथा वित्तीय संस्थाको संस्थापक, सञ्चालक, शेयरधनी वा त्यस्तो व्यक्तिका परिवारका सदस्यले उक्त बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिने गरेमा पनि बैंकिङ कसुर गरेको ठहरिन्छ । बैंकिङ क्षेत्रलाई बलियो बनाउन तय गरिएका कानुनी प्रावधानको उल्लंघन बढ्दो छ जसले गर्दा बैंकिङ बढेको देखिन्छ ।

बैंक तथा वित्तीय संस्था धराशयी भए भने मुलुक अकल्पनीय संकटमा फस्छ । त्यसैले वित्तीय क्षेत्रलाई स्वस्थ र सबल बनाउन बलिया कानून र नियामकको व्यवस्था गरिएको छ । त्यसो गर्दागर्दै पनि बैंकिङ कसुरका घटना हुने गरेका छन् । तिनलाई रोक्न र भएका घटनामा अनुसन्धान गरी बिगो भराउन प्रहरी निकाय पनि सबल हुनुपर्छ । तर, प्रहरीमा यससम्बन्धी विज्ञ जनशक्ति नहुँदा पनि समस्या परेको देखिन्छ जसले गर्दा अनुसन्धानमा नै बढी समय लाग्ने गरेको छ । मूलतः बैंकिङ र सहकारी क्षेत्रको स्वनियमन, संस्थागत सुशासनबाट नै यस्ता घटना अधिक नियन्त्रण हुन्छ । संस्थागत सुशासनका विधिको पालना पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । त्यसपछि बलियो नियामकका माध्यमबाट यस्ता अपराध घटाउन थप मद्दत मिल्छ । त्यसपछि मात्र प्रहरीमा जाने परिस्थिति ल्याउन सकियो भने मात्र बैंकिङ कसुरको प्रभावकारी नियन्त्रण सफल हुन्छ ।

बैंकिङ कसुरका घटना कम गराउन तथा अनुसन्धान गरी बिगो भराउन पनि अनुसन्धान निकाय बलियो बनाउनुपर्छ । यस्ता अपराधका घटना सचेतनाको अभाव हुनु अर्को चिन्ताको विषय हो । बैंकिङ कसुरसँग सहकारीको समस्या पनि जोडिएर आउँछ । वित्तीय कारोबार गर्ने भएर पनि सही नियमन नहुँदा सहकारीमा खर्बौं रकम अपचलन भएको अनुमान छ । त्यसैले यस्ता वित्तीय अपराधका घटनामा राज्य संवेदनशील बन्नैपर्छ ।


# पूर्व-पश्चिम विद्युतीय रेलमार्ग

## बलियो महत्त्वाकांक्षाको कमजोर कार्यान्वयन

सरकारले राष्ट्रिय गौरवको योजनामा राखेको पूर्व-पश्चिम विद्युतीय रेलमार्ग स्रोतको सकसमा रुमलिएको छ । राजनीतिक दलहरूले आफ्ना चुनावी प्रतिबद्धता र भाषणहरूमा बारम्बार दोहोर्‍याउँदै आएको यो रेलमार्गको चर्चा जति धेरै छ, यसको प्रगति भने त्यति नै निराशा र बेथितिले थिचिएको छ । बहुअपेक्षित रेलमार्गका लागि चाहिने न स्रोत व्यवस्थापन भरपर्दो छ, न दक्षताप्राप्त जनशक्ति नै उपलब्ध छ । झापाको काँकडभिट्टादेखि कञ्चनपुरको गड्डाचौकीसम्म ९२५ किलोमीटर लामो रेलमार्गको कछुवा गतिका पछाडि बजेट अभाव नै मूल कारण देखिएको छ । बेलाबेला ठाउँठाउँमा स्थानीयले मुआब्जा माग गर्दै प्रदर्शन गरेका सन्दर्भ समाचारमाध्यममा आइरहेकै छन् । सरकारले यो आयोजनाका लागि छुट्ट्याएको रकमको आकार हेर्ने हो भने त्यसले मुआब्जा पनि तिर्न पुग्दैन, निर्माणको काम कसरी अगाडि बढ्छ ? मुख्य चिन्ताको विषय यही बनेको छ ।

योजना १५ वर्षमा पूरा भइसक्ने भनिएको थियो । तर, रेलमार्ग शुरुआतको आर्थिक वर्ष (आव) २०६६/६७ लाई आधार वर्ष मान्दा यो डेढ दशकमा बर्दिवासदेखि निजगढसम्म ५९ किलोमीटरमा ट्र्याकबेड बिछ्याउने काममात्र भएको देखिन्छ । अन्य खण्डमा अध्ययनको काममात्रै भइरहेको छ । राष्ट्रिय योजना आयोगको १६ औं पञ्चवर्षीय योजना (२०८१/८२ देखि २०८५/८६ सम्म)मा थप डेढ सय किलोमीटर ट्र्याकबेड बनाउने लक्ष्य राखिएको छ । अहिले जयनगर-जनकपुर-बर्दिबास रेलमार्गको ६९ किलोमिटरमध्ये ५२ किलोमीटरमा रेल सेवा सञ्चालनमा छ । पूर्व-पश्चिम विद्युतीय रेलमार्गको ट्र्याकबेड ५९ किलोमीटरलाई १४० किलोमीटर पुर्‍याउने र बिजलापुर-बर्दिवासखण्डमा ६९ किलोमीटर थप्ने योजना छ । तर, यो उद्देश्यमा स्रोतकै सकस पर्ने देखिएको छ । जग्गाको प्राप्ति, मुआब्जा, रूख, वन कटान र वातावणीय प्रभाव मूल्यांकनलगायत समस्याको समाधान चुनौतीका रूपमा उभिएका छन् । पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्मका २४ जिल्लालाई छोएर जाने यो योजनामा पूर्वी क्षेत्रमा काँकडभित्तादेखि इनरुवासम्म, निजगढ-बुटवलखण्डमा चितवनको भरतपुरमा देखिएको स्थानीयको अवरोध, चितवन राष्ट्रिय निकुञ्जमा राइट अफ वे परिवर्तनलगायत सरोकारहरू समाधान नभएसम्म योजना अघि बढ्न असम्भव छ । प्रक्रियागत ढिलासुस्ती आफ्नो ठाउँमा छँदै छन्, सरकारले योजनाका लागि चाहिनेजति बजेट छुट्ट्याउन नसक्दा अघि बढ्न सकेको छैन । योजना आयोगको लक्ष्यलाई हेर्दा पनि रेलमार्ग समयसीमाभित्र पूरा हुने आधार सुदूरसम्म प्रकट भइराखेको छैन ।

योजना आयोगको पञ्चवर्षीय लक्ष्य पूरा गर्नकै लागि पनि वर्षमा कम्तीमा ५० अर्ब रुपैयाँ



**रेलमा यात्रु ओसारेरमात्रै व्यावसायिक रूपमा सफल बनाउन सकिँदैन भन्ने त भारतको अनुभवले देखाइसकेको छ । मालसामानको ढुवानी कति हुन्छ ? यो मुख्य सरोकार हो । हामीकहाँ त्यस्तो के उत्पादन छ, जसलाई ओसारेर रेलले आय आर्जन गर्न सक्छ ?**

**- ओमप्रकाश खनाल**

बजेट छुट्ट्याउनुपर्ने रेल विभागको विज्ञहरूको मत पाइन्छ । चालू वर्षमा छुट्ट्याइएको बजेटको आकार भने ३ अर्ब ८८ करोड रुपैयाँमात्रै छ, त्यसमा पनि अन्य योजना समेटिएका छन् । अघिल्लो वर्ष १ अर्ब रुपैयाँ विनियोजन भएको थियो । कनिका छरेजस्तो बजेट पार्ने परिपाटी औसत योजनाको समस्या हो, रेलमार्ग यसको अपवाद बन्न सक्ने कुरै भएन ।

शुरुआतमा प्रतिकिलोमीटर १ अर्ब रुपैयाँ खर्च लाग्ने भनिएकोमा यो खर्च अहिले बढेर प्रतिकिलोमीटर डेढ अर्ब रुपैयाँ लाग्ने अनुमान आइरहेका छन् । ५ वर्षअघिसम्म रेलमार्गको कुल लागत साढे ९ खर्ब लाग्ने भनिएको थियो, अहिले १५ खर्ब रुपैयाँ भनिँदै छ । यो रकम नेपालको एक वर्षको बजेटबराबर हो । स्रोतको समस्या नभएको अवस्थामा समेत समय लाग्ने योजनामा बजेट अभाव हुँदा कामले गति लिन नसकिरहेको विज्ञहरूको मतमा असहमत हुनुपर्ने कारण छैन । सरकारले बहुवर्षीय ठेक्का लगाए पनि अपेक्षित आकारमा बजेट निकासा नहुँदा काम अघि बढ्न सकेको छैन । यसले योजनाको समयमात्र लम्बिएको छैन, लागतको ग्राफ पनि उकालो लागिरहेको छ ।

**योजना आयोगको पञ्चवर्षीय लक्ष्य पूरा गर्नकै लागि पनि वर्षमा कम्तीमा ५० अर्ब रूपैयाँ बजेट छुट्ट्याउनु पर्ने रेल विभागको विज्ञहरूको मत पाइन्छ । चालू वर्षमा छुट्ट्याइएको बजेटको आकार भने ३ अर्ब ८८ करोड रूपैयाँमात्रै छ, त्यसमा पनि अन्य योजना समेटिएका छन्**

सरकारले आफ्नो खर्च क्षमताले सक्दैन भने स्वदेशी निजीक्षेत्र र वैदेशिक लगानी लगानी आह्वान गर्नुपर्छ । त्यसो त, सरकारले यो प्रयत्न नगरेको पनि होइन । नेपाल लगानी बोर्डले यसमा काम गरे पनि ठोस प्रगति र लगानीकर्ताको आकर्षण देखिएको छैन । लगानीकर्ताले लगानीको सुरक्षा र आयको ग्यारेन्टीलाई हेरेको हुन्छ । यस निम्ति योजनाको व्यावसायिक सम्भाव्यता कति छ ? यसमा लगानीकर्ताको चासो हुन्छ । खर्बौं रुपैयाँ लगानी खन्याएर त्यसबाट प्रतिफल प्राप्त हुँदैन भने त्यस्तो योजनामा लगानीकर्ताले स्वाभाविक रूपमा चासो राख्दैनन् । लगानी लिएर आउ भन्दैमा लगानीकर्ता हाम्फाल्ने होइनन्, उनीहरूलाई त आयको सम्भाव्यता देखाउन सक्नुपर्छ ।

रेलमा यात्रु ओसारेरमात्रै व्यावसायिक रूपमा सफल बनाउन सकिँदैन भन्ने त भारतको अनुभवले देखाइसकेको छ । मालसामानको ढुवानी कति हुन्छ ? यो मुख्य सरोकार हो । हामीकहाँ त्यस्तो के उत्पादन छ, जसलाई ओसारेर रेलले आय आर्जन गर्न सक्छ ? यसको स्पष्ट प्रारूप देखिएको छैन । अहिलेको आर्थिक शिथिलता र औद्योगिक उत्पादनमा आइरहेको गिरावटले रेलमार्गले आन्तरिक मालसामान ओसारेर व्यावसायिक लाभ दिनेमा आशंकाको ओज नै बढी देखिएको छ ।

चीनको केरुङदेखि काठमाडौंसम्म रेलमार्गको कुरा चलेको आजदेखि होइन, यो आजसम्म कुरैमा सीमित छ । चीनले आफ्नो विदेश नीतिको अभिन्न अंग बनाएको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) कार्यान्वयनका विरोधाभाससँगै चिनियाँ सहयोगका योजनाहरू अल्मलिएको अवस्था छ । केरुङ- काठमाडौं रेलमार्ग होओस् वा भारतले बनाइदिने भनिएको रक्सौल-काठमाडौं रेलमार्ग यी दुवै पूर्वाधार पूर्वपश्चिम रेलमार्गको व्यावसायिक सम्भाव्यताको सवालमा पूरक योजना बन्न सक्छन् । यी दुवै रेल योजना भारत र चीनको प्रभाव र स्वार्थ अवतरणको औजारजस्ता बनेका छन् । यी योजना अहिलेसम्म अध्ययनको चरणबाट अघि बढ्न सकेका छैनन् ।

केरुङ-काठमाडौं रेलमार्गको कुरा चल्नासाथै भारतीय सहयोगमा बनाउने भनिएको रक्सौल-काठमाडौं रेलमार्गको अध्ययनले गति लिएजस्तो देखिन्छ । त्यही प्रतिक्रिया र प्रवृत्ति चिनियाँ पक्षमा पनि पुनरावृत्ति भइआएको छ । केरुङ-काठमाडौं र रक्सौल- काठमाडौं रेलमार्ग तयार हुने हो भने यी चीन र भारतलाई व्यापारिक रूपमा जोड्ने सेतु बन्न सक्छन् । यसले निर्माणधीन पूर्व-पश्चिम रेलमार्ग पनि चलायमान बनाउन मद्दत पुग्न सक्छ । यसको व्यावसायिक ओज बलियो हुन्छ ।

६ वर्षअघि सन् २०१८ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन भारतीय समकक्षी नरेन्द्र मोदीबीच रक्सौल-काठमाडौं रेलमार्ग बनाउने समझदारी बनेको थियो । अहिले दुवैतर्फको सत्ताको नेतृत्व दुवै नेताको हातमा रहेकाले पनि इच्छाशक्ति हुने हो भने त्यो समझदारीलाई कार्यान्वयन गर्ने उपयुक्त समय छ । भारतले चाह्यो भने योजना कार्यान्वयनमा समय लाग्दैन भन्ने त मोतिहारी अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन निर्माणले देखाइसकेको छ । यो पाइपलाइन निर्धारित समयसीमाभन्दा पहिल्यै तयार भएको थियो ।

प्रस्तावित रक्सौल-काठमाडौं रेलमार्ग र पूर्व-पश्चिम रेलमार्ग बाराको निजगढमा जोडिने अध्ययनहरूले देखाएका छन् । सरकारले कम्तीमा अहिलेका लागि आगामी ५ वर्षमा रक्सौल-काठमाडौं रेलमार्ग बनाइदिन भारतसँग आग्रह गर्नुपर्छ । यो अवस्थामा पूर्व-पश्चिम रेलमार्ग निजगढसम्ममात्रै तयार गरिदिने हो भने रेलमार्ग उपयोग हुन सक्छ । रक्सौल-काठमाडौं प्रस्तावित रेलमार्ग (२१९ किलोमीटर) को लागत ३ खर्ब रुपैयाँ लाग्ने र समय ५ वर्ष लाग्ने भनिएको थियो । यो अध्ययन भएकै ५ वर्ष बितिसकेको छ । सरकारले भारतलाई यो रेलमार्ग अबको ५ वर्षमा बनाउन सहमत तुल्याउने र सरकारले ५ वर्षमा पूर्वपश्चिम रेलमार्गमा लगाउने बजेटलाई निजगढसम्मको खण्ड पूरा हुने गरी व्यवस्थापन गर्दा यो असम्भव कुरा पनि होइन । त्यसपछि क्रमैसँग पूर्वपश्चिम रेलमार्गअन्तर्गतका खण्डहरूको प्राथमिकता निर्धारण गरी काम गर्न सक्दामात्रै यसको व्यावसायिक सम्भाव्यता उपयोग हुनेछ । त्यसपछि निजगढबाट पश्चिमी क्षेत्र र बर्दिवासबाट पूर्वतर्फ रेलमार्ग विस्तारमा लाग्नु व्यावसायिक हिसाबले सान्दर्भि हुने देखिन्छ । भारतको सहयोगमा जयनगर-जनकपुर-बर्दिबास रेलमार्ग पूरा हुने क्रममा रहेको अवस्थामा निजगढसम्म विस्तार भएर रेलमार्ग चलायमान हुने हो भने लगानीकर्ताको रुचि बढ्न सक्छ ।

केरुङ-काठमाडौं, रक्सौल- काठमाडौं र पूर्वपश्चिम रेलमार्गलाई सम्भाव्यताको प्याकेजका रूपमा पेश गर्न सकियो भने लगानीकर्ता आकर्षित हुन सक्छन् । यस निम्ति भारत र चीनसँग यी योजनाको कार्यान्वयनमा कूटनीतिक प्रभावकारी प्रयास गरिनुपर्छ । दुई उदीयमान अर्थतन्त्रलाई आपसमा बझाउने र बिझाउने गरी होइन, विश्वासमा लिएर आपसी आर्थिक हितका सन्दर्भमा सहकार्य गर्दामात्रै यो उद्देश्यमा सफल हुन सकिनेछ ।

### टिप्पणी

# अमेरिका बस्ने नेपालीको लगानी

पछिल्लो डेढ दशकमा अमेरिकामा बस्ने नेपालीको संख्या ६० प्रतिशतले बढेको छ र तीमध्ये करीब ६० प्रतिशतले नेपालमा विप्रेषण पठाउने गरेको एक अध्ययनले देखाएको छ । थिंक टचांक संस्था 'सर्वाङ्गीण विकास अध्ययन केन्द्र (आईआईडीएस)' ले मंगलवार सार्वजनिक गरेको अध्ययन प्रतिवेदनले अमेरिका बस्ने नेपालीको ठूलो अंशले नियमित विप्रेषण पठाउने गरेको देखाएको हो । त्यहाँ बस्ने नेपालीमध्ये १३ दशमलव प्रतिशतले मात्रै नेपालमा लगानी गरेको अध्ययनले देखाएको छ । यो लगानीमध्ये पनि सबैभन्दा बढी घरजग्गामा रहेको छ ।

नेपालको शेयरबजारमा गैरआवासीय नेपालीलाई लगानी गर्न सहज बनाउने भनिरहँदा अमेरिकामा बसेर नेपालमा लगानी गर्ने नेपालीमध्ये ३५ दशमलव २ प्रतिशतले बैंकिङ र वित्तीय क्षेत्रमा लगानी गरेको पाइन्छ । कुल लगानीको ५५ दशमलव ६ प्रतिशत लगानी घरजग्गामा भएको अध्ययनले देखाएको छ । त्यस्तै जलविद्युत् तथा स्वच्छ ऊर्जा, पर्यटन तथा होटेल, शिक्षा, कृषि, आइटी आदि क्षेत्रमा उनीहरूले लगानी गरेको अध्ययनले देखाएको छ । तर, लगानीको मुख्य क्षेत्र भने घरजग्गा नै भएको देखिन्छ ।

घरजग्गा क्षेत्रमा यसै पनि नेपालमा बढी लगानी भएर अर्थतन्त्रमा समस्या देखिएको छ । बैनाको बैनामा जग्गा विक्री हुने र मूल्य बढ्ने गरेर राजधानी काठमाडौंको जग्गा विश्वका ठूला शहरहरूको तहमा यहाँको घरजग्गाको मूल्य पुगेको छ । किन अमेरिकामा बस्ने नेपालीले पनि लगानीका लागि घरजग्गा नै रोजे त ? खासमा नेपालमा लगानीका क्षेत्र नै निकै कम छन् । आफै उद्योग खोल्ने वातावरण पनि छैन । त्यही भएर नेपालका उद्योग खुल्ने क्रम निकै सुस्त छ । विप्रेषण आय बढेकै कारण नेपालीको उपभोग क्षमता बढेको छ तर यसको उपभोगका लागि आवश्यक वस्तुको उत्पादनका लागि उद्योग भने खोल्ने वातावरण बनेको छैन । नेपालका उत्पादनले गुणस्तर र मूल्यमा प्रतिस्पर्धा गर्न नसक्ने भएकाले उद्योगहरू कम खुलेको देखिन्छ । त्यसमा पनि उद्योग खोल्नका लागि सरकारले लगानीमैत्री वातावरण नबनाइदिएकाले व्यावसायिक घरानाहरू उद्योगमा भन्दा व्यापारमा सक्रिय रहेका छन् । व्यावसायिक घरानाले वित्तीय संस्थामा लगानी गरेकाले बैंकहरूको संख्या बढ्यो, बीमा कम्पनीहरूको संख्या बढ्यो तर ती क्षेत्रको अनुपातमा उद्योगमा लगानी भएन । अहिले बैंकहरूले मुनाफा दिन छाडेपछि यसबाट शेयर बेचेर निक्लनेको संख्या बढिरहेको छ । यस्तो अवस्थामा अमेरिकामा बस्ने नेपालीले उत्पादनमूलक क्षेत्रमा लगानी नगर्नु अन्यथा होइन ।

नेपालमा खाडी मुलुक, कोरिया, मलेशिया आदि देशमा जानेले मात्रै विप्रेषण पठाउँछन्, अमेरिका जानेले पठाउँदैनन् भन्ने कुरालाई पनि यो अध्ययनले खण्डन गरेको छ । करीब २ लाख नेपालीमध्ये ५९ दशमलव ६ प्रतिशतले नियमित विप्रेषण पठाउने र ४० दशमलव ४ प्रतिशतले कुनै पनि रकम नपठाउने गरेको पनि अध्ययनमा उल्लेख छ । त्यहाँका करीब २० प्रतिशत नेपालीको वार्षिक आय शून्य डलरदेखि १५ हजार डलरसम्म रहेको, १२ प्रतिशतको आय १५ हजारदेखि ३० हजार डलर, ७ दशमलव ४५ प्रतिशतको आय ४५ हजारदेखि ६० हजार, ७ प्रतिशतको ७५ हजारदेखि ९० हजार डलर र २ प्रतिशतको आम्दानी वार्षिक १ लाख ३५ हजारदेखि १ लाख ५० हजार डलर छ । अमेरिकाबाट विप्रेषण रकम तुलनात्मक रूपमा कम भए पनि प्रतिव्यक्ति योगदान भने अन्य देशको तुलनामा उच्च रहेको अध्ययनको मुख्य निचोड छ ।

नेपालले अमेरिका र यूरोपमा जाने नेपालीको लगानीबाट आवश्यक नीतिगत सहजीकरण गरिदिनुपर्छ । त्यस्तै, आईटी क्षेत्रमा एकाध व्यक्तिले निकै ठूलो लगानी ल्याएका छन् । त्यस्तो लगानीलाई सहजीकरण गरिदिनुपर्छ । यसमा सरकारले विभिन्न हैरानी दिएको ती लगानीकर्ताको गुनासो छ । घरजग्गाको भाउ अत्यधिक बढेको र छिटो फाइदा हुने भएकाले नै यस क्षेत्रमा बढी लगानी भएको हो भन्ने देखिन्छ । तर, लगानीको अन्य क्षेत्र हुनसके त्यो लगानी अन्य क्षेत्रमा पनि जान सक्छ ।

### पाठक पत्र

# कमजोर व्यवस्थापनको मारमा नेवानि

नेपाल वायुसेवा निगमका बारेमा समाचार नआएको दिनै छैन होला । तर, सबै समाचार नकारात्मकमात्रै छन् । नेपालका सरकारी संस्थानमा घाटामा जाने र भ्रष्टाचार हुने संस्थाका रूपमा निगम कुख्यात नै हुन आँटेको छ । तर, कुनै बेला निगमको सेवास्तरीय थियो । अन्तरराष्ट्रिय उडानमा निगमकै वर्चस्व थियो । विदेशी पर्यटक कुरेर भए पनि निगमकै जहाज चढ्थे । लन्डन, फ्रान्कफर्टसम्म यसको उडान हुन्थ्यो । त्यहाँबाट खर्चालु पर्यटक नेपाल आउँथे । खै ती गौरवका दिन ?

निगममा राजनीति हाबी हुन थालेपछि थला पर्न थालेको हो । नेता र नेताका नाममा कर्मचारीले पाएसम्म भ्रष्टाचार गरेर निगमलाई डुबाए । निगमको जहाज चालू आर्थिक वर्षको पहिलो ४ महीनामा न्यारोबडी र वाइडबडी पालैपालो सिचेकका लागि इटालीमा थन्किए । त्यो बेला अन्तरराष्ट्रिय उडानका चारओटा जहाजमध्ये सबैसँगै उडान गर्न नपाउँदा यात्रु क्षमता र आम्दानी दुवै घटचो । यो व्यवस्थापन गर्न नजान्दाको परिणति हो ।

उडाएर पैसा कमाउनुपर्ने जहाज मर्मतका नाममा ग्राउन्डेड भए पनि कमाइ कसरी हुन्छ ? विमानले नकमाए पनि कर्मचारीलाई तलब त खुवाउनैपर्छ । निगमका कर्मचारी बढी तलब खाने सरकारी संस्थामै पर्छ । पहिला न्यारोबडी जहाज सिचेकमा लगियो । त्यो नफर्कँदै अर्को जहाज पनि सीचेकमा लगिएको थियो ।

न्यारोबडी र वाइडबडी जहाज पालैपालो साढे २ महीनाभन्दा बढी समय थन्किएपछि उसको आम्दानीमा प्रत्यक्ष असर परेको छ । निगम नेतृत्वले गरेको कमजोरीका कारण यात्रुहरू सेवाबाट वञ्चित भए । निगमले आम्दानी पनि गुमायो । निगमले आम्दानी गर्न नसक्दा विमान खरीदमा लिएको ऋण तिर्न सकेको छैन । त्यो ब्याजस्याज थपिएर आधा खर्ब पुग्न लागिसकेको छ । तर, कमाउनुपर्ने बेलामा विमान उडाउन निगम असफल भएको छ ।

वायुसेवा निगमसँग हाल अन्तरराष्ट्रिय उडानका लागि चारओटा जहाज छन् । तीमध्ये दुईओटा न्यारोबडी र दुईओटा वाइडबडी छन् । आन्तरिक उडानमा त विमानै छैन भने पनि हुन्छ । निजी कम्पनीले थुप्रै जहाज ल्याएर सेवा दिइरहँदा निगम भने एउटा जहाजमात्रै उडाइरहेको छ । चीनसँग किनेका चारओटा जहाज घाटा भएको भनी ग्राउन्डेड गरेको निकै समय भइसक्यो । त्यो जहाज किन्दाको ऋण तिर्न सकेको छैन । जहाज प्रयोगविहीन हुँदा के गर्ने भन्ने निर्णय निगम र सरकार दुवैले गरेका छैनन् । आन्तरिक उडानमा जहाज संख्या कम भएकैले निगमको आन्तरिक उडानको उपस्थिति निकै कमजोर छ ।

अन्तरराष्ट्रिय उडानमा पनि निगमले विदेशी वायुसेवासँग प्रतिस्पर्धा गर्न सकेको छैन । उडान नियमित नभएकाले निगमप्रति विश्वास नै छैन । निगमको टिकट लिएमा निश्चित मितिमा गन्तव्यमा पुग्न सकिँदैन । थोरै जहाज भएकाले नाफा हुने गरी उडान तालिका बनाउन पनि सकेको छैन । जति थोरै विमान त्यति नै धेरै सञ्चालन खर्च लाग्छ । नाफामूलक र लामो दूरीमा यात्र गर्न नपाउँदा अपेक्षाअनुसारको गति लिन नसक्नु स्वाभाविक हो । यसो हुनुमा निगमको व्यवस्थापन बढी जिम्मेवार हुन्छ । राजनीतिक हस्तक्षेप भनेर मात्रै उसले उन्मुक्ति पाउँदैन । विद्युत् प्राधिकरणका अहिले सरकारले हस्तक्षेप गर्न खोजेको पनि सकेको छैन । निगम व्यवस्थापन पनि त्यसरी अडिग रहने हो भने राजनीतिक हस्तक्षेप भनेर काम रोकिने हुँदैन । खासमा यसको व्यवस्थापन नै कमजोर भएर निगम असफल भएको हो ।

*सुदेश श्रेष्ठ*
*बालाजु, काठमाडौं ।*

**चालू आर्थिक वर्षको कात्तिक महीनासम्ममा व्यापार नाफा भएका मुलुकहरू** (रू हजारमा)

| मुलुक | आयात मूल्य | निर्यात मूल्य | नाफा |
|---|---|---|---|
| अफगानिस्तान | १२,३९४ | ३२५,०२२ | ३१२,६२८ |
| डेनमार्क | ९३,८१० | २४३,७६९ | १४९,९५९ |
| रसिया | १७,२८१ | ९१,०११ | ७३,७३१ |
| अस्ट्रिया | १०६,८४४ | १५०,२२६ | ४३,३८२ |
| माल्दिभ्स | ४ | १४,५५७ | १४,५५३ |
| लाटभिया | २,४१३ | १६,२६० | १३,८४७ |
| न्यु क्यालेडोनिया | ५ | ९,८७३ | ९,८६८ |
| नर्वे | ५३,०९० | ६२,०७३ | ८,९८३ |
| मोरिसस | १,१४३ | ९,०६५ | ७,९२२ |
| क्रोएसिया | २,०३८ | ९,४७१ | ७,४३२ |
| आइसल्यान्ड | ४५ | ६,७४८ | ६,७०२ |
| इरान | ८०२ | ५,४१७ | ४,६१५ |
| स्लोभाकिया | ५,३७९ | ८,७०६ | ३,३२६ |
| सर्बिया | २१४ | २,९२८ | २,७१४ |
| उज्वेकिस्तान | १,३१० | ४,००३ | २,६९३ |
| जर्जिया | ७१३ | ३,१३२ | २,४१९ |
| बोस्निया एन्ड हजगोविना | ६२१ | २,३०६ | १,६८५ |
| उरुग्वे | ० | १,५८५ | १,५८५ |
| लेबनान | ३९३ | १,४५४ | १,०६१ |
| जाम्बिया | ४६ | ९९० | ९४४ |
| केमन आइल्यान्ड | ० | ८९५ | ८९५ |
| युगान्डा | १८,९३८ | १९,७६८ | ८३० |
| चाड | ० | ४१२ | ४१२ |
| सुडान | ० | ३४७ | ३४७ |
| अरुबा | ० | ३३५ | ३३५ |
| माली | ० | २९६ | २९६ |
| पनामा | ० | २०१ | २०१ |
| सेन्ट्रल अफ्रिकन रिपब्लिक | ० | १५१ | १५१ |
| पपुआ न्यूगिनिया | ० | १२२ | १२२ |
| लिबियन अरब जमहिरिया | ० | १०९ | १०९ |

*स्रोत : भन्सार विभाग*

आर्थिक अभियान

### १० वर्षअघिको आर्थिक अभियानबाट

# न्यायाधीशको कमीले न्याय सम्पादनमा असर

सर्वोच्च अदालतमा नयाँ न्यायाधीश नियुक्त हुन नसक्दा न्यायसम्पादनमा असर परेको छ । अस्थायी न्यायाधीशहरूको पदावधि थप गर्ने/नगर्ने विषयमा सर्वोच्चका न्यायाधीशहरूको राय बाझिएपछि न्याय सम्पादनमा प्रत्यक्ष असर परेको हो । न्यायाधीशबीच नै राय बाझिएपछि पाँच अस्थायी न्यायाधीशले अवकाश पाउने वा ऐन संशोधन गरी म्याद थप्ने भन्ने कुरासमेत अन्योलमा परेको छ । यही अन्योलका कारण सर्वोच्चमा बुधवार पेशी भएका १ सय ४४ मध्ये ७ मुद्दामा फैसला र १५ ओटामा मात्र आदेश भएको छ । अरू २१ मुद्दा स्थगित र ९७ हेर्न नभ्याउने भन्दै स्थगित गरिएको अदालतले जानकारी दिएको छ ।

न्यायाधीश नियुक्तिमा देखिएको अन्योलकै कारण बुधवार सर्वोच्चमा कुनै पनि अस्थायी न्यायाधीशहरूको बेञ्चमा पेशी राखिएको थिएन । अस्थायी न्यायाधीशको समयावधि अझै १ दिन बाँकी रहे पनि न्यायाधीशको कमीले सर्वोच्चको कामकारबाहीमा केही असर परेको सर्वोच्चका एक उपसचिवले स्वीकार गरे । 'मुद्दा स्थगितका धेरै कारण हुन सक्छन्,' उनले भने, 'न्यायाधीशको कमी मात्र नहुन सक्छ ।'

मङ्सिर २० बाट अस्थायी न्यायाधीशहरूले अवकाश पाउने भनिए पनि मङ्गलवार बसेको न्यायपरिषद् बैठकले न्यायाधीशले शपथग्रहण गरेको दिन मात्र औपचारिक रूपमा अवकाश पाउने भन्दै २१ गतेसम्म उनीहरूको म्याद रहेको बताएको थियो ।

**वर्ष ८, अंक ७८, बिहीवार २१ मङ्सिर, २०६९**

बाँकी पृष्ठ १ बाट ...

**एनसेलको सेवा ...**

कायुमोभका अनुसार हालको मोडालिटीबाट मोबाइल डेटाको खपत धेरै बढ्न नसकेकाले इमानदार ग्राहक सृजना गरी आम्दानी बढाउने कम्पनीको योजना रहेको छ । लामो अवधिको सदस्यता प्याकेजअन्तर्गत ग्राहकको क्रयशक्तिअनुसार प्याकेज तयार गरिने र 'भ्यालु फर मनी' सुनिश्चित गरिने पनि कम्पनीले जानकारी दिएको छ ।

छोटो अवधिको प्याकेजमा डाटा महँगो पर्ने तर लामो अवधिको प्याकेज दिँदा डेटा पनि सस्तो पर्ने र डेटाको खपत पनि बढ्ने एनसेलको भनाइ छ । उसका अनुसार नेपालमा प्रतिव्यक्ति प्रतिमहीना डेटा खपत ४ गिगाबाइट रहेकोमा भारतमा २० गिगाबाइट पुगिसकेको छ । यसको एक कारण लामो अवधिको (सब्स्क्रिप्सन) प्याकेज मात्र दिने गरी भारतीय दूरसञ्चार कम्पनीहरूले व्यापारको मोडल परिवर्तन गर्नु रहेको कम्पनीको भनाइ छ ।

नेपालमा फिक्स्ड इन्टरनेट सेवा (घर तथा अफिसमा दिइने इन्टरनेट सेवा) दिने कम्पनीहरूले ३ देखि २ वर्षसम्मको प्याकेज दिने गरेको उल्लेख गर्दै यस्तो मोडलमा मोबाइल सेवाप्रदायक पनि जानु जरुरी भएको एनसेलको भनाइ छ ।

सरकारी स्वामित्वको टेलिकम पनि एकमहीने प्याकेजहरू राख्न तयार देखिएको छ । नेपाल टेलिकमका प्रवक्ता हरि ढकालले ग्राहकको हितका लागि ल्याइएका प्याकेजहरू समयसमयमा रिभ्यू गर्ने गरिएको बताए । उनका अनुसार प्राधिकरणबाट स्वीकृत गराएरै विभिन्न अफर ल्याउने गरिएको छ । नयाँ प्याकेज ल्याउन टेलिकमले भित्रभित्रै रणनीतिक योजना बनाइरहेको ढकाल बताउँछन् । 'भ्वाइसको रेभेन्युमा ठूलो गिरावट देखिएको छ, ओटीटीका कारण आएको गिरावट रोक्न हामी योजनाबद्ध तरीकाले प्याकेजमा के गर्न सकिन्छ भनेर गृहकार्यमा लागेका छौं,' उनले अभियानसँग भने ।

गुणस्तर कायम गर्दै ग्राहकलाई सन्तुष्टि दिने गरी प्याकेजहरू पुनरवलोकन गर्दै जाने नेपाल टेलिकमको योजना रहेको ढकाल बताउँछन् । डेटाको भोलम बढाउन कम्तीमा १ महीनाको प्याकेज ल्याउनेबारे भारतमा अभ्यास भइरहेको छ । यो नेपालमा समेत आउन सक्ने सम्भावना छ ।

'सबैलाई डेटामा धेरै पैसा खर्च गर्न गाह्रो होला, त्यो पनि हामीले प्याकेज ल्याउँदा सोच्छौं' उनले भने, 'तैपनि नेपाल टेलिकम सरकारी कम्पनी भएकाले सरकारले एकमहीने अवधि तोक्छ भने मान्न तयार छौं ।'

**नेपाल र दक्षिण ...**

मन्त्री भण्डारीका समकक्षी च्योङले दक्षिण कोरियाली कम्पनीहरूद्वारा नेपालमा सञ्चालन भइरहेका जलविद्युत्, अटोमोबाइल एसेम्बललगायत क्षेत्रमा भएका लगानी तथा कामका विषयमा जानकारी गराए । यो सम्झौताले दुई देशबीचको सम्बन्ध र आर्थिक सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास उनले व्यक्त गरे । नेपाल र गणतन्त्र कोरियाका निजीक्षेत्रका उद्योगी तथा व्यवसायीको सहभागिता रहेको उक्त कार्यक्रममा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले नेपालमा वैदेशिक लगानीको वातावरण र अवसरबारे प्रस्तुति दिएका थिए । त्यसैगरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको द्विपक्षीय व्यापार महाशाखा प्रमुख बाबुराम अधिकारीले नेपालको व्यापारसम्बन्धी विद्यमान नीति तथा त्यसका सम्बन्धमा हाल भइरहेका सुधारबारे जानकारी गराए ।

**महासंघ र कोरिया इम्पोर्टर्स एशोसिएशनबीच समझदारी**

नेपाल उद्योग वाणिज्य महासंघ र कोरिया इम्पोर्टर्स एशोसिएशन (कोइमा)बीच नेपाली उत्पादनको बजार प्रवर्द्धन एवं लगानी विस्तार गर्न समझदारीपत्रमा हस्ताक्षर भएको छ । बिहीवार दक्षिण कोरियाको राजधानी सोलमा आयोजित एक कार्यक्रममा महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकाल र कोइमा अध्यक्ष वुवाङ कुवान किमले समझदारीपत्रमा हस्ताक्षर गरेको महासंघले एक प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

आयातलाई नै केन्द्रित गरी स्थापना भएको संस्थासँगको सहकार्यबाट नेपाली उत्पादन कोरियामा विस्तार गर्न सहज हुने महासंघको विश्वास छ । यसबाट नेपाल र दक्षिण कोरियाबीचको व्यापारघाटा कम हुने विश्वास गरिएको छ । हाल दुई देशबीचको व्यापारघाटा करीब ७ अर्ब रुपैयाँ छ । नेपालबाट हाल फेल्ट, गलैंचा, धागोलगायत परम्परागत सामान बढी निर्यात भएको सन्दर्भमा कोइमासँगको सहकार्यबाट औद्योगिक कच्चा पदार्थ एवं अन्य सामानका लागि पनि बजार खोज्न सकिने उल्लेख गरिएको छ ।

---

## ग्रामीण बिकास लघुवित्त वित्तीय संस्था लिमिटेड
### प्रधान कार्यालय बुटवल

**सवारी साधन SUV JEEP (Model -2024) र (4WD Hardtop Jeep)**
**खरिद गर्ने बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**सूचना प्रकाशित मिति : २०८१/०९/०५**
**सिलबन्दी दरभाउपत्र आ.व. :२०८१/८२**

यस कार्यालयको लागि तोकिएको स्पेशिफिकेशन बमोजिम सवारी साधन SUV JEEP (Model -2024) थान (१) एक र (4WD Hardtop Jeep) थान (१) एक गरी (२) दुई वटा गाडी आपुर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| १ | सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिदेखि ७ औं दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खूलेको दिन) ४:०० बजेसम्म यस संस्थाको प्रधान कार्यालय बुटवल सामान्य सेवा महाशाखाबाट पटि फिर्ता नहुने गरी रु.१,०००।- (अक्षरेपी एक हजार) मात्र बुझाई खरिद गर्न सकिनेछ । |
| २ | सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न आउँदा सम्बन्धित फर्म तथा कम्पनीको आधिकारिक निवेदन पेश गर्नुपर्नेछ । |
| ३ | सूचना प्रकाशित भएको मितिदेखि ७ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह ४:०० बजेभित्र यस कार्यालयमा सिलवन्दी दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । दरभाउपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दरभाउपत्र खोल्ने सम्बन्धी सूचना संस्थाको वेबसाइटमा प्रकाशित गरिनेछ । दरभाउपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा परेको मानिने छैन । |
| ४ | सिलबन्दी दरभाउपत्र सम्वन्धी अन्य शर्तहरु तथा गर्नु पर्ने कार्यहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको आर्थिक प्रशासन विनियममावली, २०७२ (संशोधन सहित) मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी आवश्यक परेमा संस्थाको फोन नं. ०७१-४३७५३० र ०७१-४३८९५१ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ । |
| ५ | यो सूचना यस संस्थाको वेबसाइट www.gblbs.com.np मा पनि हेर्न सकिनेछ । |

---

## नेपाल एसबिआई बैंक लिमिटेड
## NEPAL SBI BANK LTD.

प्रधान कार्यालयः कमलादी, काठमाडौं, फोनः ०१-५९७०३३३

### एकतीसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२८ गते)**

**शेयरधनी महानुभावहरु,**

यस बैंक संचालक समितिको मिति २०८१ मंसिर १८ गते बसेको ५२१औं बैठकको निर्णय बमोजिम यस बैंकको एकतीसौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएकोले बैंकका शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति** : २०८१ साल पौष २१ गते तदनुसार ५ जनवरी, २०२५, आइतबार ।
**स्थान** : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।
**समय** : बिहान ११ बजे ।

**बैंकको ३१औं वार्षिक साधारण सभाको छलफलको विषयसूचीः**

**क) सामान्य प्रस्ताव :**

१. आ.व. २०८०/८१ का लागि संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०८०/८१ को वार्षिक आर्थिक विवरण (२०८१ असार मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरणलगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि." को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी स्वीकृत गर्ने ।
४. संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ७१,९२,६०,४३१.३२ बराबर (चुक्ता पुँजीमा ६.८५ प्रतिशतका दरले) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
५. बैंकको लेखापरीक्षण समितिले सिफारिस गरे अनुसार आ.व. २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
६. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

**ख) विशेष प्रस्तावः**

१. बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ३९,९०,०५,७८६.७२ बराबर (चुक्ता पुँजीमा ३.८० प्रतिशतका दरले) बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
२. विशेष प्रस्ताव नं. १ बमोजिम कम्पनीको जारी तथा चुक्ता पुँजीमा परिवर्तन गर्नुपर्ने भएका कारण तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ मा भएको व्यवस्थाको अनुपालनाका लागि बैंकको प्रबन्धपत्र तथा नियमावलीका विभिन्न दफा/नियममा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।
३. बैंकले आ.व. २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गर्न गरिएको खर्च रु. ८८,८७,१५३.१८ कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो खर्च अनुमोदन गर्ने ।
४. संचालकहरूलाई दिइने बैठक भत्ता तथा स्थानीय संचालकहरुलाई प्रदान गरिने पत्रपत्रिका तथा समाचार सामग्री वापतको मासिक खर्च वृद्धि गर्न बैंकको नियमावलीको नियम २९ को उपनियम (ख) र (घ१) संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।
५. बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा प्रचलित नियम, कानून बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने/गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने ।
६. प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा नियामक निकायहरुको निर्देशन बमोजिम परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो कार्यका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने ।
७. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

---

## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८१/०९/०५ गते)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी नामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसील**

धितो लिलाम बिक्री हुने मिति : २०८१ साल माघ महिना ११ गते (ग्राहक नं. १ र २)
मिति : २०८१ साल माघ महिना १३ गते (ग्राहक नं. ३, ४ र ५)
सम्बन्धित कार्यालय : कृषि बिकास बैंक लि. शाखा कार्यालय, हेटौडा ।
लिलाम हुने कार्यालय तथा स्थानः कृषि बिकास बैंक लि. शाखा कार्यालय, कान्तिराजपथ, हेटौडा ।

१) ग्राहकको नाम : **प्रगती फर्निचर उद्योग** दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, हेटौडा मकवानपुर
फर्मको दर्ता नं.: ५३८९/१/२०६३/०६४ दर्ता मितिः २०६२/०४/०८ पान नं.: ३०१४८४६०८ मितिः २०६३/०५/०१

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/ कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| उद्योग सञ्चालन कर्जा/ २७४०४८ | श्री इन्द्र कुमारी राई | मकवानपुर | हेटौडा | ९ | ७८०२ | ०-०-१०.५-० | उक्त जग्गामा बनेको घर समेत |
| | | मकवानपुर | हेटौडा | ९ | ५१४० | ०-१-० | |

**प्रोप्राईटर/संचालकको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| श्री राम कुमार राई | हेटौडा ९ उज्वलपथ मकवानपुर | २४/०४८ | मकवानपुर/२०५२/११/१४ जिल्ला प्रशासन कार्यालय | गोपाल कृष्ण राई | कृष्ण बहादुर राई |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| श्री इन्द्र कुमारी राई | हेटौडा ९ उज्वलपथ मकवानपुर | १९९५ | मकवानपुर/२०४२/०४/०४/ जिल्ला.प्रशासन कार्यालय | गोपाल कृष्ण राई | कृष्ण बहादुर राई |
| श्री राज कुमार राई | हेटौडा ९ उज्वलपथ मकवानपुर | ७४४५ | मकवानपुर/२०६०/०६/३०/ जिल्ला प्रशासन कार्यालय | गोपाल कृष्ण राई | कृष्ण बहादुर राई |
| श्री श्याम कुमार राई | हेटौडा ९ उज्वलपथ मकवानपुर | ७४४३ | मकवानपुर/२०६०/०६/३० जिल्ला.प्रशासन कार्यालय | गोपाल कृष्ण राई | कृष्ण बहादुर राई |

**२) ग्राहकको नाम : ज्ञान बहादुर दोङ** ना.प्र.नं.: १४३०७ जारी मितिः २०४५/१२/१४
जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर ठेगाना : हेटौडा १३ पदमपोखरी मकवानपुर
बाबुको नामः धन बहादुर दोङ बाजेको नाम : जित बहादुर दोङ

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/ कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| घरायसी र सरल कृषि कर्जा /१६६२८०१ | श्री ज्ञान बहादुर दोङ | मकवानपुर | पदमपोखरी | ३ | ५९४ | ०-१२-० |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| श्री लक्ष्मी दोङ | हेटौडा १३ दमपोखरी | २८/३८७ | मकवानपुर/२०५६/०४/०६/ जिल्ला प्रशासन कार्यालय | ज्ञान बहादुर दोङ | जित बहादुर दोङ |

**३) ग्राहकको नाम : कमला पौडेल** ना.प्र.नं.: ४४/२९६१५ जारी मिति : २०६२/०८/२८
जारी भएको कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर ठेगाना : हेटौडा ११ कृष्ण मन्दीर टोल मकवानपुर
बाबु/पति को नाम : तस्वीर बहादुर रिमाल/भेष बहादुर पौडेल बाजे/ससुरा को नाम : लोक बहादुर पौडेल

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| घरायसी कर्जा / २७४०७९ | श्री कमला पौडेल | मकवानपुर | हेटौडा | ११ | ५८०४,५८०५, ५६४५,८२०८ | ०-०-५, ०-०-५ ०-०-७.७५, ०-०-२.२५ |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| श्री भेष बहादुर पौडेल | हेटौडा ११ कृष्णमन्दीर टोल | १३८६ | मकवानपुर/२०४२/११/१९/ जिल्ला प्रशासन कार्यालय | लोक बहादुर पौडेल | दुर्गानाथ पौडेल |

**४) ग्राहकको नाम : गोविन्द सिं खड्का** ना.प्र.नं.: १-१५७५९ जारी मिति : २०४६/०८/०९
जारी भएको कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर ठेगाना : हेटौडा ५ सानोपोखरा मकवानपुर
बाबुको नाम : डम्बर सिं खड्का बाजेको नाम : हर्क बहादुर खड्का

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| घरायसी कर्जा /२७५१०४ | श्री चन्द्र देवी खड्का | मकवानपुर | हेटौडा | ५ | १९७९२ | ०-०-१३ |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| श्री चन्द्रादेवी खड्का | हेटौडा ५ सानोपोखरा | १५७६९ | मकवानपुर/२०४६/०८/११ जिल्ला प्रशासन कार्यालय | डम्बर सिं खड्का/ कृष्ण बहादुर सुवेदी | हर्क बहादुर खड्का |
| श्री श्याम सिं खड्का क्षेत्री | हेटौडा ५ सानोपोखरा | १६१६५ | मकवानपुर/२०४६/११/११/ जिल्ला प्रशासन कार्यालय | डम्बर सिं खड्का | हर्क बहादुर खड्का |

**५) ग्राहकको नामः गणेश सापकोटा** ना.प्र.नं.: १३५३९९ जारी मितिः २०६१/०१/२८
जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक ठेगानाः हेटौडा १४ मयुरधाप मकवानपुर
बाबुको नामः तुला राम सापकोटा बाजेको नामः पदमलाल सापकोटा

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| कर्मचारी सेवा कर्जा/१७८९४७१ | श्री भगवती सापकोटा | मकवानपुर | पदमपोखरी | २ | ५८०७ | ०-१-० |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | जारी भएको जिल्ला/ मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| श्री भगवती सापकोटा | हेटौडा १४ मयुरधाप | १००९/९२ | सिन्धुपाल्चोक/२०६७/०१/०९/ जिल्ला प्रशासन कार्यालय | गणेश सापकोटा/ धन बहादुर बोगटी | तुलाराम सापकोटा |

**शर्तहरु :**

१. धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ ।
३. धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित कार्यालयमा सम्पर्क राखि जम्मा भएको हुनु पर्नेछ ।
४. लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५. लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६. डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।
९. डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असूली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौं**

# २६ सय विन्दु तल नेप्से

**अभियान संवाददाता**

काठमाडौं

साताको अन्तिम कारोबार दिन बिहीवार नेप्से १ दशमलव १९ प्रतिशत घटेर बन्द भएको छ। यससँगै नेप्से २६ सय विन्दुमुनि झरेको हो। बिहीवार नेप्से २ हजार ५९६ दशमलव ८२ विन्दुमा कायम भएको छ। नेप्से साढे दुई महीना (गत असोज १६) यताकै न्यून विन्दुमा झरेको हो। गत असोज १६ गते नेप्से २ हजार ५९७ दशमलव ४९ विन्दुमा बन्द भएको थियो।

बजार निरन्तर घट्दा लगानीकर्ता थप 'प्यानिक' बनेका छन्। पछिल्लो ११ कारोबार दिनमा नेप्से दुई दिन बढेको छ भने बाँकी ९ दिन घटेको छ।

यस दिन ३१० धितोपत्रको ९८ लाख ३२ हजार ३०८ कित्ता ५५ हजार ९८९ पटकमा रू. ४ अर्ब ७६ करोड बराबरको कारोबार भएको छ। कारोबारमा आएका धितोपत्रमध्ये सपोर्ट लघुवित्त वित्तीय संस्थाको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। कम्पनीको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशतका दरले वृद्धि भएसँगै सकारात्मक सर्किट लागेको हो। कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. ३ हजार ३२७ दशमलव ५० पुगेको छ। दोश्रोमा सामुदायिक लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य ७ दशमलव ९६ प्रतिशत बढेर रू. १ हजार ९१२ पुगेको छ।

बिहीवार नारायणी डेभलपमेन्ट बैंकका शेयरधनीले सबैभन्दा बढी गुमाएका छन्। यस कम्पनीको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा ९ दशमलव २१ प्रतिशत घटेसँगै धेरै गुमाएका हुन्। कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. १ हजार ३०१ मा झरेको छ। त्यस्तै, माया खोला हाइड्रोपावर कम्पनीको शेयर मूल्य ६ दशमलव ६३ प्रतिशत घटेर रू. ५३९ कायम भएको छ।

सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा जानकी फाइनान्सले ओगटेको छ। यस कम्पनीको रू. १७ करोड ६० लाख बराबरको शेयर खरीदविक्री भएको हो। कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. ९१४ दशमलव ४० कायम भएको छ। सर्वाधिक शेयर खरीदविक्री हुने दोस्रोमा कर्णाली डेभलपमेन्ट बैंक छ। बैंकको रू. ११ करोड ४५ लाख बराबरको शेयर खरीदविक्री भएको हो।

कारोबारमा आएका १३ ओटै समूहगत परिसूचक घटेका छन्। तीमध्ये व्यापार समूहको सूचक सबैभन्दा बढी २ दशमलव ७३ प्रतिशत घटेको छ।

**बजार पूँजीकरण घट्यो**

बिहीवार बजार पूँजीकरण रू. ५२ अर्ब १३ करोडले घट्दै रू. ४३ खर्ब ७ अर्ब ३५ करोड कायम भएको छ। अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४३ खर्ब ५९ अर्ब ४९ करोड थियो।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा बिहीवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ३७ दशमलव ७४ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. १ अर्ब ७९ करोड ६४ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा वित्त समूह रहेको छ। उक्त समूहको रू. ५८ करोड २० लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**ब्रोकर नं. ७४ बाट सर्वाधिक कारोबार**

बिहीवारको बजारमा ब्रोकर नं. ७४ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. ४५ करोड ९ लाख बराबरको धितोपत्र किनबेच भएको हो। कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. २१ करोड ९१ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. २३ करोड १७ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ। यस्तै, दोस्रोमा ब्रोकर नं. ४२ रहेको छ। जसबाट बिहीवारको बजारमा रू. ३९ करोड ६२ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | ३,३२७.५० | १०.०० | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १,३०१.०० | -९.२१ |
| सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १,९१२.०० | ७.९६ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५३९.०० | -६.६३ |
| भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ६९३.६० | ५.०९ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | २,१२९.०० | -५.८० |
| मेन्छियाम हाइड्रोपावर लिमिटेड | ६०४.०० | ४.५० | रिभर फल्स पावर लिमिटेड | ८९१.५० | -५.७८ |
| आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ५,१००.०० | ४.३९ | राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लि. | ४७७.०० | -४.६० |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | १७९.६४ | ३७.७४ |
| २ | वित्त | ५८.२० | १२.२३ |
| ३ | विकास बैंक | ५०.३८ | १०.५८ |
| ४ | लघुवित्त | ४५.७० | ९.६० |
| ५ | बैंकिङ्ग | ३८.९७ | ८.१९ |
| ६ | लगानी | २६.१५ | ५.४९ |
| ७ | जीवन बीमा | २२.८९ | ४.८१ |
| ८ | निर्जीवन बीमा | १५.४४ | ३.२५ |
| ९ | उत्पादन तथा प्रशोधन | १३.१६ | २.७७ |
| १० | अन्य | ११.०७ | २.३३ |
| ११ | होटल तथा पर्यटन | ७.०३ | १.४८ |
| १२ | संस्थापक शेयर | ४.२२ | ०.८९ |
| १३ | व्यापार | २.३० | ०.४८ |
| १४ | म्युचुअल फण्ड | ०.४४ | ०.०९ |
| १५ | ऋणपत्र | ०.३६ | ०.०८ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| जानकी फाइनान्स कम्पनी लि. | १७.६० | ९१४.४० |
| कर्णाली डेभलपमेन्ट बैंक लि. | ११.४५ | ७८१.०० |
| नेपाल फाइनान्स लिमिटेड | १०.२२ | १,०९८.८० |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | ८.०६ | ९४१.४० |
| जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ७.७२ | ४५९.९० |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | म्युचुअल फण्ड | २१.३० | -०.२६ |
| २ | उत्पादन तथा प्रशोधन | ६,७११.१५ | -०.३३ |
| ३ | लघुवित्त | ४,८४४.५० | -०.७१ |
| ४ | बैंकिङ्ग | १,३९२.३१ | -०.८२ |
| ५ | होटल तथा पर्यटन | ६,३९९.९६ | -०.८७ |
| ६ | अन्य | १,९२९.३१ | -०.९३ |
| ७ | जीवन बीमा | १२,५०६.४८ | -१.०४ |
| ८ | निर्जीवन बीमा | १२,५१२.५८ | -१.०५ |
| ९ | विकास बैंक | ५,४५८.५९ | -१.२५ |
| १० | जलविद्युत् | ३,४०२.२३ | -१.५२ |
| ११ | लगानी | ९८.८५ | -१.९५ |
| १२ | वित्त | ३,१०३.३० | -२.३१ |
| १३ | व्यापार | ४,६७५.२८ | -२.७३ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ७४ | २३.१७ | २१.९१ | ४५.०९ |
| ४२ | १९.३८ | २०.२४ | ३९.६२ |
| ५८ | १९.०३ | १९.९८ | ३९.०२ |
| ३४ | १८.५८ | १८.२४ | ३६.८२ |
| ४५ | १६.९६ | १४.७० | ३१.६७ |

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालयः पृथ्वीचोक, कास्की
फोनः ०६१-५७४१८१

शाखा कार्यालयः जिरी, दोलखा
फोन नं.: ०४९- ४०००४०

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिललमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/०९/०५ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

**शाखा कार्यालय : पृथ्वीचोक, कास्की**

**ऋणीको विवरण**

खडक बहादुर गुरुङ्गको नाति, तिल बहादुर गुरुङ्गको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १२ स्थित स्थाई ठेगाना भएको **मिलन गुरुङ्ग (ना.प्र.प.नं. ७४८१२, कास्की)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. धन सिँह गुरुङ्गको नाति, खडक बहादुर गुरुङ्गको छोरा, कास्की जिल्ला, मौजा गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थाई ठेगाना भएको **तिल बहादुर गुरुङ्ग (ना.प्र.प.नं. ४६१०१२/१०, कास्की)**
२. खडक बहादुर गुरुङ्गको बुहारी, तिल बहादुर गुरुङ्गको पत्नी, कास्की जिल्ला, मौजा गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थाई ठेगाना भएको **लक्ष्मी देवी गुरुङ्ग (ना.प्र.प.नं. ४६१०१२/११, कास्की)**
३. खडक बहादुर गुरुङ्गको नाति, तिल बहादुर गुरुङ्गको छोरा, कास्की जिल्ला, मौजा गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थाई ठेगाना भएको **विकाश गुरुङ्ग (ना.प्र.प.नं. १०६८३८, कास्की)**
४. खडक बहादुर गुरुङ्गको नाति, तिल बहादुर गुरुङ्गको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १२ स्थित स्थाई ठेगाना भएको **किरण प्रकास गुरुङ्ग (ना.प्र.प.नं. १४०००७, कास्की)**

**धितोमा रहेको सम्पत्तिको विवरण**

**लक्ष्मी देवी गुरुङ्गको** नाममा मालपोत कार्यालय, कास्कीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ. म.न.पा. वडा नं. १२ स्थित कित्ता नं. ३९ को क्षेत्रफल १०६.३० (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

**शाखा कार्यालय: जिरी, दोलखा**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, दोलखामा मितिः २०७३/०४/१९ मा दर्ता नं. १४४३/०७३/०७४ कायम भई दर्ता भएको दोलखा जिल्ला, जिरी न.पा. वडा नं. ६ स्थित **जिरेल डेरी फर्म** **प्रोपाइटर : गंगा बहादुर जिरेल**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. कान्छामान जिरेलको नाति, भक्त बहादुर जिरेलको छोरा, दोलखा जिल्ला, जिरी गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **गंगा बहादुर जिरेल (ना.प्र.नं. १८४/१५३४०, दोलखा)**
२. भक्त बहादुर जिरेको बुहारी, गंगा बहादुर जिरेलको पत्नी, ओखलढुंगा जिल्ला, खिजीकाती गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, जिरी गा.वि.स./न.पा. वडा नं. ८ बस्ने **मुना सुनुवार (ना.प्र.नं. १३-०१-७१-०३६८१, ओखलढुंगा)**
३. कान्छामान जिरेलको बुहारी, भक्त बहादुर जिरलेको पत्नी, दोलखा जिल्ला, जिरी गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **मसली जिरेल (ना.प्र.नं. १८५०/१०६८, दोलखा)**
४. अमृत बहादुर खत्रीको नाति, टिका बहादुर खत्रीको छोरा, दोलखा जिल्ला, जिरी गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **लोकेन्द्र वहादुर खत्री (ना.प्र.नं. २२३६०१९/२४८८, दोलखा)**

**धितोमा रहेको सम्पतिको विवरण**

**गंगा बहादुर जिरेलको** नाममा मालपोत कार्यालय दोलखाको लगतमा दर्ता श्रेस्ता कायम रहेको दोलखा जिल्ला, जिरी गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ५८, २४८४, ८०३, ७०, ६६३, ६८५, ७२, ६६, ६६४, ७१, २४८०, ६६५ र ४३ को क्रमश : क्षेत्रफल १६६०, १००, १२०, ५५०, १२०, १५५, ८२०, ४५०, ५०५, ६६०, ९६५, ३०५, र ८२० (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम २०८१/०९/०५ गते शुक्रबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु पृथ्वीचोक, कास्की र जिरी, दोलखाबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/०९/११ गते बिहिबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन।
६. शिलबन्दी बोलपत्र मिति २०८१/०९/१२ गते शुक्रबार दिउँसो १:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन्।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु पृथ्वीचोक, कास्की र जिरी, दोलखामा सम्पर्क राखी बुझ्न सकिनेछ।

# कृषि विकास बैंकको लाभांश प्रस्ताव

काठमाडौं (अस)। कृषि विकास बैंक लिमिटेडले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट कुल १० दशमलव ५३ प्रतिशत लाभांश वितरणको प्रस्ताव गरेको छ।

पुस ४ गते बिहान बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा ३ प्रतिशत बोनस शेयर र ७ दशमलव ५३ प्रतिशत नगद लाभांश (कर समेत) गरी कुल १० दशमलव ५३ प्रतिशत लाभांश वितरणको प्रस्ताव गरेको हो। कम्पनीको चुक्तापूँजी १३ अर्ब ४५ करोड १६ लाख ७४ हजारको आधारमा नेपाल राष्ट्र बैंकको स्वीकृतिपछि कम्पनीको आगामी वार्षिक साधारणसभाबाट पारित भएपछि लाभांश वितरण गर्ने निर्णय कम्पनीले गरेको हो। गत वर्ष लगानीकर्ताको हात खाली बनाएको कम्पनीले यस वर्ष लाभांश वितरण गर्न लागेको हो।

## आदर सब्सिडियरी लिमिटेडको

## सातौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०३**

यस कम्पनीको सञ्चालक समितिको मिति २०८१।०९।०२ गते मंगलबार विहान १०:३० बसेको वैठकको निर्णय अनुसार सातौ बार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रश्ताव उपर छलफल गरि निर्णय गर्न वस्ने भएको हुदा कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०८१।०९।२७ शनिबार (तदनुसार 11th Jan 2025)।
समय : दिनको ३:०० बजे।
स्थान : का.म.पा. १४ बल्खुरोड (आदर ट्रेड मल निर्माणस्थल)।

**छलफलका बिषयहरू**

**क) सामान्य प्रस्ताव**

१) सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष ज्यूले प्रस्तुत गर्नुहुने आ.व. ०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२) आ.व. ०८०/८१ को लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
३) चालु आ.व.०८१/८२ को लागि लेखापरिक्षक नियूक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा।
४) सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने सम्वन्धमा।

**ख) विविध**

१. सञ्चालक नियुक्ति अनुमोदन सम्वन्धमा।

**ग) विविध**

***द्रष्टव्य : उपस्थित शेयरधनि सदस्यहरुको हाजिरी पुस्तिका दिनको २:०० बजे देखि खुल्ला रहनेछ। साधारण सभामा उपस्थित हुन नसक्ने शेयर धनीहरुले प्रतिनिधि तोकि पठाउने व्यक्तिका बारेमा कम्पनीको कार्यालयमा २४ घण्टा अगाबै अग्रिम जानकारी गराउनुपर्ने छ। साधारणसभाको सूचना यस कम्पनीको वेवसाईट*** *https://www.aadarmic.com.np* ***मा राखिएको हुदा त्यहाँबाट समेत हेर्न सकिने छ।***

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## आदर मल्टी ईन्भेष्टमेण्ट कम्पनी लिमिटेडको

## आठौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०३**

यस कम्पनीको सञ्चालक समितिको मिति २०८१।०९।०१ गते सोमवार बसेको वैठकको निर्णय अनुसार आठौ बार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रश्ताव उपर छलफल गरि निर्णय गर्न वस्ने भएको हुदा कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०८१।०९।२७ शनिबार (तदनुसार 11th Jan 2025)।
स्थान : का.म.पा. १४ बल्खुरोड (आदर ट्रेड मल निर्माणस्थल)।
समय : दिनको १०:०० बजे।

**छलफलका बिषयहरू**

**क) सामान्य प्रस्ताव**

१) सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष ज्यूले प्रस्तुत गर्नुहुने आ.व. ०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२) आ.व. ०८०/८१ को लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
३) चालु आ.व.०८१/८२ को लागि लेखापरिक्षक नियूक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा।
४) सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने सम्वन्धमा।

**ख) बिशेष प्रस्ताव**

१) सञ्चालक नियुक्ति अनुमोदन सम्वन्धमा।

**ग) विविध**

**द्रष्टव्य** : उपस्थित शेयरधनी सदस्यहरुको हाजिरी पुस्तिका दिनको ९:३० बजे देखि खुल्ला रहनेछ। साधारण सभामा उपस्थित हुन नसक्ने शेयर धनीहरुले प्रतिनिधि तोकि पठाउने व्यक्तिका बारेमा कम्पनीको कार्यालयमा २४ घण्टा अगाबै अग्रिम जानकारी गराउनुपर्ने छ। साधारणसभाको सुचना यस कम्पनीको वेवसाईट https://www.aadarmic.com.np मा राखिएको हुदा त्यहाँबाट समेत हेर्न सकिने छ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

# नेपाल एसबिआई बैंकको शेयर मूल्य समायोजन

काठमाडौं (अस)। बिहीवार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा नेपाल एसबिआई बैंकको शेयर मूल्य समायोजन भएको छ।

नेप्सेले बैंकको ३ दशमलव ८० प्रतिशत बोनस शेयर समायोजन गरेको हो। समायोजनपश्चात् कम्पनीको शेयर मूल्य रू. ४२५ दशमलव ८२ कायम भएको छ।

नेप्सेले बिहीवार कारोबार दिनको अन्तिम मूल्यका आधारमा कम्पनीको शेयर मूल्य समायोजन गरेको हो। बिहीवार दोस्रो बजारमा कम्पनीको शेयर मूल्य रू. ४४२ मा अन्तिम कारोबार भएको थियो।

# बुटवल पावरको लाभांश प्रस्ताव

काठमाडौं (अस)। बुटवल पावर कम्पनी लिमिटेडले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट ५ प्रतिशत नगद लाभांश (कर समेत) वितरण गर्ने भएको छ।

पुस ३ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा उक्त लाभांश वितरण गर्ने निर्णय गरेको हो। प्रस्तावित लाभांश सहित अन्य विविध प्रस्ताव पारितका लागि कम्पनीले पुस २८ गते ३२ औं वार्षिक साधारणसभा गर्ने निर्णय पनि गरेको छ।

कार्की ब्याङ्क्वेट बबरमहल, काठमाडौंमा बिहान ११ बजे सभा गर्ने निर्णय कम्पनीले गरेको हो।

तल्लो मर्स्याङदी जलविद्युत् आयोजनाको विद्युत् उत्पादन अनुमति पत्र लोअर मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनीलाई र चिनोखोला जलविद्युत् आयोजनाको विद्युत् उत्पादन अनुमति पत्र चिनो हाइड्रोपावरलाई हस्तान्तरण गर्ने प्रस्ताव पनि सभाले पारित गर्नेछ। साधारणसभा प्रयोजनका लागि कम्पनीले पुस १८ गते एक दिन बुक क्लोज गर्न लागेको छ। बुक क्लोजको आधारमा पुस १७ गतेसम्म कायम शेयरधनीहरूले मात्र सभामा भाग लिन र लाभांश प्राप्त गर्न सक्नेछन्।

**एशियाली शेयर बजारका सूचक (अपडेट : २०२४ डिसेम्बर १९)**

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ७९,२१८.०५ | -१.२०% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २३,९५१.७० | -१.०२% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ३८,८१३.५८ | -०.६९% |
| हङकङ स्टक एक्सचेन्ज | हैंग सेंग | १९,७५२.५१ | -०.५६% |
| संघाई स्टक एक्सचेन्ज | संघाई एसई कम्पोजिट इन्डेक्स | ३,३७०.०३ | -०.३६% |

**फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस ०४)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | नेपाल फाइनान्स लिमिटेड | १०९८.८ | २६१४.९ | ३०३ |
| २ | जानकी फाइनान्स कम्पनी लिमिटेड | ९१४.४ | १०८३.३ | ३३४.२ |
| ३ | गुडविल फाइनान्स लिमिटेड | ७८७.१ | १३५३ | ४१५.८ |
| ४ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | ७०५.३ | ९५१.६ | ३०९.१ |
| ५ | मल्टीपर्पस फाइनान्स लिमिटेड | ६९६ | ९३६.९ | ३१६.२ |
| ६ | गोर्खाज फाइनान्स लिमिटेड | ६८० | १०४१ | ५१६ |
| ७ | आइसिएफसि फाइनान्स लिमिटेड | ६७८ | ९१० | ४५५ |
| ८ | मञ्जुश्री फाइनान्स लिमिटेड | ६७२ | ९१७ | ४८०.२ |
| ९ | समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ६६७ | १११७.९ | २८५.५ |
| १० | प्रोग्रेशिभ फाइनान्स लिमिटेड | ६३८ | ८६५ | २९५ |
| ११ | पोखरा फाइनान्स लिमिटेड | ६३० | ७९५ | ३४० |
| १२ | सेन्ट्रल फाइनान्स लिमिटेड | ६०६ | ८२० | ३१८ |
| १३ | रिलायन्स फाइनान्स लिमिटेड | ५९० | ८३८ | ३३९ |
| १४ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स क. लि. | ५८१.३ | ७९५ | ३३६.२ |
| १५ | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | ५८० | ७५९ | ३३३ |

**जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस ०४)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | ११६६ | २४७५ | ११२३.८ |
| २ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७६९ | १०६० | ५६६ |
| ३ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७१३.९ | ८२५ | ५२३ |
| ४ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. | ६७२ | ७३१ | ४१८.५ |
| ५ | सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ६२६ | ७०८ | ४४७.२ |
| ६ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ५७७ | ७७६.१ | ५२१.३ |
| ७ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड | ५१९.५ | ७३२.२ | ४७३ |
| ८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि. | ५०० | ६१२ | ४१० |
| ९ | आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लि. | ४६१ | ६२० | ४१२.५ |
| १० | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. | ४४८.५ | ६४४ | ३९५.१ |
| ११ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ४४७ | ६०७ | ३६४.१ |
| १२ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि. | ४१८ | ६५४ | ४१२.१ |

**होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस ०४)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कालिञ्चोक दर्शन लिमिटेड | ११४४ | १३८१ | ७३५ |
| २ | तारागाउँ रिजेन्सी होटल्स लिमिटेड | १०४९ | १५३८ | ६९५.१ |
| ३ | चन्द्रागिरि हिल्स लिमिटेड | ९०५.१ | १३६० | ७६० |
| ४ | ओरियण्टल होटल्स लिमिटेड | ८९० | १२०५ | ७०४ |
| ५ | सिटि होटल लिमिटेड | ८६३ | ११६८.५ | ५५९ |
| ६ | सोल्टी होटल लिमिटेड | ४७० | ६३६.५ | ४१६.५ |

# लाभांश प्रस्ताव सहित मञ्जुश्री फाइनान्सले बोलायो साधारणसभा

काठमाडौं (अस) । मञ्जुश्री फाइनान्स लिमिटेडले १७ औं वार्षिक साधारणसभा पुस २८ गते बोलाएको छ । सभा थापागाउँ ब्याङ्क्वेट, थापागाउँ, नयाँ बानेश्वर, काठमाडौंमा बिहान ११ बजे शुरू हुनेछ ।

सभाले ६ दशमलव ३५ प्रतिशत नगद लाभांश (कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्नेछ । त्यस्तै, गत आर्थिक वर्ष (आव) २०८०/८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्नुका साथै चालू आवको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्नेछ ।

त्यस्तै, सभाले ४ जना सञ्चालकको निर्वाचन गर्ने, केन्द्रीय कार्यालयको स्थानान्तरण र अन्य उपयुक्त कम्पनीसँग मर्जर वा वैदेशिक रणनीतिक साझेदारीमा जानका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पनि पारित गर्नेछ ।

सभा प्रयोजनार्थ कम्पनीले पुस ११ गते बुक क्लोज गर्ने भएकाले बुक क्लोजको अघिल्लो कारोबार दिनसम्म कायम शेयरधनी सभामा भाग लिन र लाभांश प्राप्त गर्न सक्नेछन् ।

# सर्वोत्तम सिमेन्टको लाभांश प्रस्ताव

काठमाडौं (अस) । सर्वोत्तम सिमेन्ट लिमिटेडले गत आर्थिक वर्ष (आव) २०८०/८१ को मुनाफाबाट कुल १० प्रतिशत लाभांश प्रस्ताव गरेको छ । पुस ३ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजी ४ अर्ब ६५ करोड रुपैयाँको आधारमा ७ प्रतिशत बोनस शेयर र ३ प्रतिशत नगद लाभांश (कर समेत) वितरण गर्ने निर्णय गरेको हो ।

प्रस्तावित लाभांश सहित अन्य विविध प्रस्ताव पारितका लागि कम्पनीले पुस २६ गते वार्षिक साधारणसभा बोलाएको छ । होटल भिलासा, भैरहवा, रूपन्देहीमा बिहान ११ बजे सभा गर्ने निर्णय कम्पनीले गरेको हो । सभा प्रयोजनका लागि पुस १२ गते एक दिन बुक क्लोज गर्ने जानकारी कम्पनीले दिएको छ । बुक क्लोजको आधारमा पुस ११ गतेसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन र लाभांश प्राप्त गर्न योग्य हुनेछन् ।

**नेपाल रिमेडिज लिमिटेड**
**केन्द्रिय कार्यालयः का.म.न.पा.-१ नक्साल काठमाडौं**
फोन नं.०१-५९०९१७८, ०१-५९०९१७६ Email: info@nepalremedies.com.np

## शेयर बिक्रि सम्वन्धि सूचना

**(प्रकाशित मितिः२०८१/०९/०५ गते)**

यस कम्पनीको बिक्रि नभएको हकप्रद शेयर २,८१,४२५ कित्ता रु.१००/- का दरले बिक्रि गर्ने गरी सञ्चालक समितिको मितिः२०८१/०९/०४ गते सम्पन्न बैठकबाट निर्णय भएकोछ । सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र शेयर खरिद गर्न सञ्चालक समिति समक्ष निवेदन पेश गर्नुहुन इच्छुक शेयरधनी एवं शेयरधनी बाहेकका लगानीकर्तालाई सुचित गरिन्छ । कुल शेयर खरिद गर्ने निवेदन प्राप्त भएपश्चात पहिलो प्राथमिकताका आधारमा निवेदन दिनेलाई शेयर खरिद गर्न स्वीकृति दिई बिक्रि गरिने र त्यसपछि थप निवेदन स्वीकार नगरिने ब्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**सञ्चालक समिति**

**सहकाली बचत तथा ऋण सहकारी संस्था लि.**
सहकाली भवन, कागेश्वरी मनोहरा न.पा.-९, काडाँघारी, काठमाडौं
फोन नं. ०१-४९९११३८, ४९९११४२, Email: sahakali.gothatar@gmail.com

## सत्रौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

यस संस्थाको २०८१ साल मंसिर २४ गते बसेको सञ्चालक समितिको नियमित बैठकको निर्णय अनुसार संस्थाको सत्रौं वार्षिक साधारण सभा देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई उल्लेखित मिति, समय र स्थानमा अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा बस्ने मिति, समय र स्थानः**
मिति : २०८१ साल पौष २५ गते बिहिबार
समय : बिहान ११:०० बजे
स्थान : लाङटाङ ईको रिसोर्ट जरसिंङ्ग पौवा, काठमाडौं ।

**सञ्चालक समितिको आज्ञाले**
**तारणीराज दाहाल**
**सचिव**

**"समुन्नत भविष्यका लागि हाम्रो संयुक्त अभियान, सहकालीमा निरन्तर बचत हासो दरिलो पहिचान"**

**SUNRISE SECURITIES LTD.**
**सन्राइज सेक्युरिटिज् लि.**
**केन्द्रीय कार्यालयः गैह्रिधारा, काठमाण्डौं**

## दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०८/२८ गते)

***श्री शेयरधनी महानुभावहरु,***
यस कम्पनीको मिति २०८१ मंसिर २१ गते शुक्रबारका दिन बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको दोश्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी महानुभावको जानकारी तथा उपस्थितिका लागि हार्दिक अनुरोध छ । अन्य माध्यमबाट सूचना प्राप्त नभए पनि यसै सूचनालाई आधारमानी शेयरधनी महानुभावमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति** : २०८१ साल पौष २१ गते आईतबार (इ.सं. ५ जनवरी, २०२५)
**समय** : दिउँसो २:३० बजे बाट
**स्थान** : कम्पनीको सभा कक्ष, गैह्रिधारा, काठमाडौं ।

**छलफलका विषयहरु :**
(क) **साधारण प्रस्तावहरुः**
१. कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/०८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
३. कम्पनीको आर्थिक वर्ष २०८१/०८२ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने ।

(ख) **विशेष प्रस्तावः**
१. सन्राइज सेक्यूरिटिज लिमिटेडलाई नेपाल धितोपत्र बोर्डबाट अनुमति पत्र प्राप्त धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) संस्थाहरु बीच एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्न गराउन का लागि चल अचल सम्पत्ति तथा दायित्व र कारोबारको मुल्यांकन गर्न तथा गाभ्ने वा गाभिने तथा प्राप्ति गर्ने सम्बन्धीको प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध ।**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**म्यूजिक नेपाल लिमिटेड**
**(कम्पनी ऐन २०६३ बमोजिम स्थापित संस्था)**
**काठमाण्डौ, नेपाल**

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(तेश्रो पटक प्रकाशित मिति २०८१।०९।०५)**

श्री शेयरधनी महानुभावज्यूहरु,
यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णय अनुसार म्यूजिक नेपाल लिमिटेडको तेस्रो बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान :**
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय अनामनगर, काठमाण्डौ ।
मिति : २०८१ साल पौष २६ गते
समय : बिहान ९:०० बजे

**वार्षिक साधारण सभामा पेश गरीने छलफलका प्रश्तावहरु**
१. अध्यक्षज्यूको मन्तव्य तथा वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. आ.व.२०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्त सम्मको वासलात र आ.व.२०८०/८१ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८०/८१ को मुनाफाबाट लाभांस वितरण गर्न स्वीकृत गर्ने ।
५. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

***नोटः- अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय अनामनगर, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।***

## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०९/०५ गते आर्थिक अभियान दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

**तपसिल**

### ट्राफिकचोक, बुटवल शाखा

**१. ऋणीको विवरण**

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०९/०४ मा दर्ता नं. २०४७७८/०७५/०७६ कायम भई दर्ता रहेको रुपन्देही जिल्ला, बुटवल उप.म.न.पा. वडा नं.१०, कालिकानगर, रुपन्देही स्थित रजिष्टर्ड कार्यालय रहेको **क्वीन्स इन्जिनियरिङ्ग कन्सलटेन्सी एण्ड कन्सट्रक्सन प्रा.लि. ।**

**धितो सुरक्षणको विवरण**

१. धनि कुमारी बैंक लि. र ऋणी **क्वीन्स इन्जिनियरिङ्ग कन्सलटेन्सी एण्ड कन्सट्रक्सन प्रा.लि.** कायम भई लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, बुटवलमा दर्ता कायम रहेको ई.नं. 91K63811212, चे.नं. MAT479148K3R22617, सवारी नं. लु २ ख ४६८३ सवारी मोडल TATA Tipper थान १ ।
२. धनि कुमारी बैंक लि. र ऋणी **क्वीन्स इन्जिनियरिङ्ग कन्सलटेन्सी एण्ड कन्सट्रक्सन प्रा.लि.** कायम भई लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, बुटवलमा दर्ता कायम रहेका ई.नं. 91K63811208, चे.नं. MAT479148K3R22710, सवारी नं. लु २ ख ४६८५ सवारी मोडल TATA Tipper थान १ ।

**सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. **सन्दिप श्रेष्ठ**
ना.प्र.नं.- १२८२०
जारी मिति - २०५८/०१/२३, जि.प्र.का., रुपन्देही
बाबु - धर्म नारायण श्रेष्ठ
बाजे - चेतनारायण श्रेष्ठ
स्थायी ठेगाना- रुपन्देही जिल्ला, बुटवल न.पा./गा.वि.स.वडा नं.०५
हालको ठेगाना- रुपन्देही जिल्ला, बुटवल न.पा./गा.वि.स.वडा नं.०५

२. **सुनिता श्रेष्ठ**
ना.प्र.नं. ३७२०२४/४५२०२
जारी मिति २०६४/०८/०३, जि.प्र.का. रुपन्देही
पति - सन्दिप श्रेष्ठ
ससुरा - धर्म नारायण श्रेष्ठ
स्थायी ठेगाना- रुपन्देही जिल्ला, बुटवल न.पा./गा.वि.स.वडा नं.०६ ।
हालको ठेगाना- रुपन्देही जिल्ला, बुटवल न.पा./गा.वि.स.वडा नं.०६

३. **धर्म नारायण श्रेष्ठ**
ना.प्र.नं. ४१९१
जारी मिति २०३१/१२/२२, जि.प्र.का. रुपन्देही
बाबु - चेत नारायण श्रेष्ठ
बाजे - कुलमान श्रेष्ठ
स्थायी ठेगाना- रुपन्देही जिल्ला,बुटवल न.पा./गा.वि.स.वडा नं.०७ ।
हालको ठेगाना -रुपन्देही जिल्ला,बुटवल न.पा./गा.वि.स.वडा नं.०७

### गाईघाट शाखा

**१. ऋणीको विवरण**

**चन्द्रकला चौधरी**
ना.प्र.नं.- ६२४/३६७१४
जारी मिति - २०५४/१२/१४, जि.प्र.का. उदयपुर
बाबु - दुखि चौधरी
पति - गोवर्धन चौधरी
स्थायी ठेगाना- उदयपुर जिल्ला, त्रियुगा न.पा., वडा नं. ०३
हालको ठेगाना- उदयपुर जिल्ला, त्रियुगा न.पा., वडा नं. १२

**धितो सुरक्षणको विवरण**

१. **चन्द्रकला चौधरी**को नाममा मालपोत कार्यालय, उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, गाईघाट गा.वि.स.वडा नं. ३क स्थित कित्ता नं. ६७६९ को क्षेत्रफल ०-०-७ (वि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **गोवर्धन चौधरी**
ना.प्र.नं.- ५९२/३६५३९
जारी मिति - २०५४/११/२६ जि.प्र.का. उदयपुर
बाबु - बच्चु चौधरी
बाजे - मंगालाल चौधरी
स्थायी ठेगाना- उदयपुर जिल्ला, त्रियुगा न.पा., वडा नं. ०३
हालको ठेगाना- उदयपुर जिल्ला, त्रियुगा न.पा., वडा नं. १२

### ठमेल, काठमाण्डौ शाखा

**१. ऋणीको विवरण**

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०९/०४ मा दर्ता नं. २०४७६६/०७५/०७६ कायम भई दर्ता रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ स्थित रजिष्टर्ड कार्यालय रहेको **कार्की मिट एण्ड पोल्ट्री सप्लायर्स प्रा.लि. ।**
**प्रोप्राईटर - भुवन कार्की**

**धितो सुरक्षणको विवरण**

१. धनी कुमारी बैंक लि. र ऋणी **कार्की मिट एण्ड पोल्ट्री सप्लायर्स प्रा.लि.** कायम भई साना ठुला सवारी, बागमती प्रदेश, यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको, इन्जिन नं. G12BN1091505, चेसिस नं. MA3ERLF1S00A39877, सवारी नं. बागमती प्रदेश ०१-२७ च ८२०३ को मारुती सुजुकी ECHO CARGO थान १ ।
२. ऋणी **कार्की मिट एण्ड पोल्ट्री सप्लायर्स प्रा.लि.**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **भुवन कार्की**
ना.प्र.नं.- ५४४२०
जारी मिति - २०५९/०२/१५ जि.प्र.का. रामेछाप
बाबु - बिष्णु बहादुर कार्की
बाजे - रत्न बहादुर कार्की
स्थायी ठेगाना- रामेछाप जिल्ला, मन्थली न.पा., वडा नं. ५
हालको ठेगाना- भक्तपुर जिल्ला सुर्यबिनायक नगरपालिका वडा नं.२

### डुमरवाना शाखा

**१. ऋणीहरुको विवरण**

क. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य बिभाग कलैया, बारामा मिति २०७७/०९/१५ मा प्रा.फ.र.नं : १०१०८/०७७/७८ कायम भई दर्ता रहेको बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा. वडा नं. १५ स्थित रजिष्टर्ड कार्यालय रहेको **जि पि मार्ट ।**
प्रोप्राईटर - गोविन्द पौडेल
ख. प्रदेश उद्योग व्यवसाय ऐन, २०७७ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ४ बमोजिम, नेपाल सरकार, मधेश प्रदेश, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय बारा, कलैयामा मिति २०८०/०३/१९ मा उद्योग दर्ता नं. :- १३४२१/८८९/०७९/०८० कायम भई दर्ता रहेको बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. १५ स्थित रजिष्टर्ड कार्यालय रहेको **होटल हातिसार ।**
**प्रोप्राईटर - पूजा धिताल**

**धितो सुरक्षणको विवरण**

१. **हरी बहादुर पौडेल क्षेत्री**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, डुमरवाना गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. १९८८, १९८९, २००५ र १९९१ को क्षे.फ. क्रमश ०-०-१०-०, ०-०-१७-१४, ०-०-७-० र ०-०-१५-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापात ।
२. **पुर्ण माया पौडेल क्षेत्री**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, डुमरवाना गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. २००४ को क्षे.फ. ०-०-७-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापात ।
३. **गोविन्द पौडेल**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, डुमरवाना गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. २२६४ र २२६६ को क्षे.फ. क्रमश ०-०-१-७ र ०-०-६-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।
४. ऋणी **जि पि मार्ट** र **होटल हातिसार**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. **गोविन्द पौडेल**
ना.प्र.नं.- ७६६७
जारी मिति - २०५८/०९/०२ जि.प्र.का. बारा (ई. प्रशासन शाखा सिमरा)
बाबु - हरी बहादुर पौडेल क्षेत्री
बाजे - अमर बहादुर
स्थायी ठेगाना- बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा., वडा नं. १५ (साविक डुमरवाना गा.वि.स वडा नं. ०४)

२. **पूजा धिताल**
ना.प्र.नं.- ३०-०१-०६६-३१८९-काभ्रेपलानचोक
जारी मिति - २०६६/१२/१० जि.प्र.का. बारा
बाबु - खेम बहादुर धिताल
बाजे - भक्त बहादुर धिताल
पति - गोविन्द पौडेल
स्थायी ठेगाना- बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा., वडा नं. १५

३. **हरी बहादुर पौडेल क्षेत्री**
ना.प्र.नं.- २१४९/३७७१
जारी मिति - २०३०/०४/२१ जि.प्र.का. बारा
बाबु - अमर बहादुर
बाजे - विर बहादुर
स्थायी ठेगाना- बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा., वडा नं. १५ (साविक डुमरवाना गा.वि.स. वडा नं. ०७)

४. **पुर्ण माया पौडेल क्षेत्री**
ना.प्र.नं.- २१५०/३७७६
जारी मिति - २०३८/०३/०८ जि.प्र.का. बारा
बाबु - बिर्ख बहादुर पौडेल क्षेत्री
बाजे - मान बहादुर सुवेदी
पति- हरी बहादुर पौडेल क्षेत्री
स्थायी ठेगाना- बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा., वडा नं. १५ (साविक डुमरवाना गा.वि.स. वडा नं. ०१)

### लाहान, सिरहा शाखा

**१. ऋणीको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय लाहान सिरहामा मिति २०६७/०८/०८ मा प्रा.फ.र.नं. १५९३/२०६७/०६८ दर्ता कायम रहेको सिरहा जिल्ला, लाहान ना.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **नबीन अटो ।**
**प्रोप्राईटर - नागेन्द्र कुमार चौधरी**

**धितो सुरक्षणको विवरण**

१. **नवीन कुमार चौधरी**को नाममा मालपोत कार्यालय, लाहान सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, सिंग्राही मटियर्वा गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. २७९ को क्षे.फ.०-२-२-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. **नागेन्द्र कुमार चौधरी**
ना.प्र.नं.- ५९२ स.सि.ल. ४२१५
जारी मिति - २०६०/०२/१२ इ.प्र.का. लाहान
बाबु - अरविन्द चौधरी
बाजे - महेन्द्र लाल चौधरी
स्थायी ठेगाना- सिरहा जिल्ला, लाहान ना.पा., वडा नं. ३
हालको ठेगाना- ऐ.ऐ

२. **अरविन्द चौधरी**
ना.प्र.नं.- २९०
जारी मिति - २०३६/०४/०८ इ.प्र.का. लाहान
बाबु - महेन्द्र लाल चौधरी
बाजे - प्रेम लाल चौधरी
स्थायी ठेगाना- सिरहा जिल्ला, लाहान ना.पा., वडा नं. ३
हालको ठेगाना- ऐ.ऐ

३. **बच्ची देवी चौधरी**
ना.प्र.नं.- ५२६०-७०३०
जारी मिति - २०४६/०४/१७ जि.प्र.का. सिरहा
बाबु - सोनालाल चौधरी
बाजे - भुटाई चौधरी
स्थायी ठेगाना- सिरहा जिल्ला, लाहान ना.पा. वडा नं. ३
हालको ठेगाना- ऐ.ऐ

४. **मेनुका कुमारी चौधरी**
ना.प्र.नं.- ६२१३
जारी मिति - २०५९/१०/०९ जि.प्र.का. सप्तरी
बाबु - रमानन्द चौधरी
बाजे - घोडगरु चौधरी
स्थायी ठेगाना- सप्तरी जिल्ला, जनडौल गा.बि.स. वडा नं. ३
हालको ठेगाना- सिरहा जिल्ला, लाहान ना.पा., वडा नं. ३

५. **नवीन कुमार चौधरी**
ना.प्र.नं.- ५९१
जारी मिति - २०६०/०२/१२ जि.प्र.का. लाहान
बाबु - अरविन्द चौधरी
बाजे - महेन्द्र लाल चौधरी
स्थायी ठेगाना- सिरहा जिल्ला, लाहान ना.पा., वडा नं. ३
हालको ठेगाना- ऐ.ऐ

६. **उर्मिला कुमारी चौधरी**
ना.प्र.नं.- १६१०९६/२६४
जारी मिति - २०६७/११/१५ जि.प्र.का. सप्तरी
बाबु - बुद्धि लाल चौधरी
बाजे - दुखी लाल चौधरी
स्थायी ठेगाना- सप्तरी जिल्ला, मधुपट्टी गा.बि.स. वडा नं. ८
हालको ठेगाना- सिरहा जिल्ला, लाहान ना.पा., वडा नं. ३

**कुमारी बैंक लिमिटेड**
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०

शुक्रवार, ५ पुस २०८१ | Friday, 20 December 2024

आर्थिक अभियान

नेपाल बिएफआइएस शिखर सम्मेलन २०२४

# जलवायु अनुकूलनका लागि सहकार्यको प्रतिबद्धता

**अभियान संवाददाता**

काठमाडौं

जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका लागि सहकार्यको प्रतिबद्धता गर्दै 'बीएफएसआई समिट-२०२४' सम्पन्न भएको छ । बैंकिङ फाइनान्स एण्ड इन्स्योरेन्स इन्स्टिच्युट अफ नेपाल (बिफिन)ले पीएचडी चेम्बर अफ कमर्स एण्ड इन्डष्ट्री (पीएचडीसीसीआई) भारत-नेपाल केन्द्रसँगको सहकार्यमा सम्मेलन भएको हो ।

'जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि दिगो वित्तपोषणको गहनता' नारासहित भएको कार्यक्रममा जर्मनी, अस्ट्रेलिया, संयुक्त अरब इमिरेट्स, भारत जस्ता देशबाट नीतिनिर्माता र विज्ञहरूको सहभागिता थियो । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरी प्रमुख अतिथि रहेको सम्मेलनमा राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठ, अर्थ मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरे, नेपालका लागि अस्ट्रेलियाका राजदूत लियान जोनस्टन, नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तव र भारत-नेपाल केन्द्रका अध्यक्ष तथा नेपालका लागि भारतका पूर्वराजदूत मञ्जीव सिंह पुरीको उपस्थिति थियो ।

कार्यक्रममा मन्त्री ठकुरीले बैंक, वित्तीय संस्थाले कर्जा लगानी गर्दा विश्वव्यापी रूपमा बढ्दो तापक्रमले आर्थिक क्षेत्रमा पार्ने प्रभावलाई मूल्यांकन गर्नुपर्ने बताए । अर्थसचिव घिमिरेले सरकारले राष्ट्र बैंकसँग सहकार्य गरी ग्रिन ट्राक्सनोमी जारी गरेको र यसले कार्बन उत्सर्जन कम गर्ने लगानीलाई प्रोत्साहन, स्रोतको उपयोगिता, जैविक विविधताको संरक्षण र जलवायु अनुकूलनमा सुधार गर्ने उल्लेख गरे ।

**नेपालका लागि अस्ट्रेलियाली राजदूत जोनस्टनले नेपाललाई दिगो विकास र जलवायु परिवर्तनका प्रभाव घटाउन अस्ट्रेलिया सरकारको समर्थन रहेको बताए ।**

सम्मेलनमा सहभागीहरूले जलवायु परिवर्तन न्यूनीकरणका लागि बैंक, वित्तीय संस्थाको लगानी गर्ने प्रतिबद्धता जनाए । उनीहरूले जलवायु परिवर्तनका प्रभावका बारेमा चासो देखाउँदै यसको जोखिम सम्बोधनका लागि अपनाइएका रणनीति तथा नीतिहरूको चर्चा गरे ।

नेपालका लागि अस्ट्रेलियाली राजदूत जोनस्टनले नेपाललाई दिगो विकास र जलवायु परिवर्तनका प्रभाव घटाउन अस्ट्रेलिया सरकारको समर्थन रहेको बताए । नेपालका लागि भारतीय राजदूत श्रीवास्तवले जलवायु परिवर्तन दक्षिण एशियाली देशहरू विशेषगरी नेपाल र भारतका लागि ठूलो खतरा रहेको भन्दै विश्वव्यापी सहकार्य, क्षेत्रीय समाधान र सहकार्यको आवश्यकता औंल्याए । बिफिनका प्रबन्ध निर्देशक डा. विनोद आत्रेयले दिगो विकास र जलवायु अनुकूलनमा वित्तीय संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेकोमा जोड दिए ।

तीतोमीठो


मदन लम्साल

# अल्छीहरू नै लोकतन्त्रका खम्बा

पुर्खाहरूले संघर्ष र मेहनतको बाटो सिकाए । तर अहिले आत्मनिर्भर बन्न कष्ट भोग्नु अनिवार्य छैन भन्ने मान्यता प्रबल छ । अब जो आराम गर्न जान्दछ, ऊ नै सफल हुने युग हो । संसारकै धनाढ्य बिल गेट्सले त सकेसम्म अल्छी मान्छे खोजेर काममा लगाउँछु भनेका छन् । अल्छीले काम गर्ने सजिलो उपाय खोजिहाल्छ रे । 'अल्छीको बात जैसीले जान्दैन' भनेर पुर्खाले गफीहरूलाई उडाए । तर अहिले यस्तै गफीले खाने जमाना आयो । सुतेको सिंहको मुखमा मृग आफै पस्ने जमाना पो हो यो त !

उहिले ४७ सालतिर सन्त नेता भट्टराई बाजे आफ्ना भित्रियाहरूलाई भन्थे रे, 'नेपाल भन्याको सुत्ने र दगुर्नेहरूले एउटै समयमा दौड पूरा गर्ने पुग्ने मुलुक हो ।' दौडने कुमारलाई सुत्ने गणेशले जितेर गणपति भएको दृष्टान्त त सबैलाई कण्ठस्थै छ ।

त्यसैले सरकारले सकेसम्म आफू पनि काम गर्दैन र जनतालाई पनि काम गर्न दिँदैन । मानिसहरू सरकारले काम गरेन भन्छन् । सिन्को नभाँचे पनि विदेशी मुद्राको ढुकुटी भरिएको भरियै छ । काम गर्ने भनेको त यसरी पो त । त्यस्तो निन्जा ट्रिक लगाउन सक्ने हाम्रो सरकारलाई काम गरेन भन्न मिल्छ ?

सरकारको काम जनतालाई राहत दिनु होइन, आत्मनिर्भर बनाउनु हो । आत्मनिर्भर बनाउने टेक्निक भएपछि कामै गर्नै पर्दैन नि । महँगी, बेरोजगारी, पेट्रोल-डिजेलको मूल्यवृद्धि यी सबैबाट सरकारले जनतालाई आरामसहित जागरणका सन्देश दिएको छ । भोक लागेको बिरालोले आफै मुसा समात्छ, भोकाएको मान्छेले पनि सपना देख्छ । त्यसैले सरकारलाई धन्यवाद दिनुपर्छ, जसले हामीलाई सपना देख्नैका लागि भोकै राखेको छ । सरकारले त महँगी बढाएर हाम्रो स्वास्थ्य र चेतनामा ध्यान दिएको हो नि ।

समस्याहरू समाधान गर्नु भनेको जनताका सम्भावनालाई ठेगान लगाउनुजस्तै हो । वास्तवमा महँगी, बेरोजगारी, अभाव यी त समस्या होइनन्, नयाँ सोचका लागि अवसर पो हुन् त । मूल्यवृद्धि त प्रगतिका खुड्किला पो हो । ऋषिमुनिले ध्यान गर्न भोकै बस्नुपर्छ भनेर सिकाए, हाम्रो सरकारले पनि यही अभ्यास गराउँदै छ । अब त यस्तो दिन टाढा छैन, जब 'भोक र विकास'लाई राष्ट्रिय योजना घोषित गरिनेछ ।

'भोकाएको बिरालो बाघ बन्छ' भनेजस्तै भोकै हुनु आत्मनिर्भर बन्ने दिशामा पहिलो महत्त्वपूर्ण कदम हो । जुन समाजले महँगी, बेरोजगारी र अभावसँग बाँच्छ, त्यो समाज 'भोक, रोग र शोक'लाई आदर्श मान्दै बाँच्न सिक्छ । समस्या त जीवनको अभिन्न अंग हो । त्यसैले समस्या सृजना गरिरहनु सरकारको ठूलो उपलब्धि हो । यसका लागि पनि सरकारलाई धन्यवाद दिनैपर्छ । बालकृष्ण समको भनाइ सम्झनुस् त, 'दुःखीको घरमा मात्र भगवान्को वास हुन्छ ।'

**समस्याहरू समाधान गर्नु भनेको जनताका सम्भावनालाई ठेगान लगाउनुजस्तै हो । वास्तवमा महँगी, बेरोजगारी, अभाव समस्या होइनन्, नयाँ सोचका लागि अवसर पो हुन् । ऋषिमुनिले ध्यान गर्न भोकै बस्नुपर्छ भनेर सिकाए, अहिले सरकारले पनि यही अभ्यास गराउँदै छ । अब त यस्तो दिन टाढा छैन, जब 'भोक र विकास'लाई राष्ट्रिय योजना घोषित गरिनेछ ।**

कसैले भनेका छन् कि मानिसलाई पानीमा फ्याँकिदिएमा आधा मानिसले पौडिन सिक्न सक्छन् । जो पौडन सक्दैनन् र डुब्छन्, त्यो पनि राम्रै हो । जीवनमा पौडन नसक्नेहरू त डुब्नैपर्छ वा उनीहरूलाई डुब्न दिनैपर्छ । विदेशमा बैंक डुबे डुबोस् भनेर डुब्न दिन्छन् । नेपालमा बैंक नडुब्न नदिने भनेर अर्थतन्त्र नै डुबाउँछन् । त्यसैले डुब्नु दिनु त राम्रो हो नि । बरु डुबेका नागरिकहरूको सम्झनामा पुलको वा पार्कको नाम राख्न सकिन्छ । हामी त्यो समय पर्खिरहेका छौं, जब सरकारले 'डुब्नेलाई सम्मान' गर्ने योजना ल्याउनेछ । सोच्नुहोस् त, 'डुब्नेहरूको स्मृति दिवस' कति राष्ट्रिय गौरवको विषय होला ।

आत्मनिर्भरता भनेको जिम्मेवारीबाट पन्छिनु हो । सरकारले यो जिम्मेवारी बिर्सेको छैन । ती समाजहरू, जो समस्याहरू सामना गर्छन्, अभावमा बाँच्छन्, आधा पेट खाएर पूर्ण लडाइँ लड्छन्, ती नै अन्तिममा असली विजेता हुन्छन् ।

यसो विचार गर्नुहोस् त, हाम्रा साधु-सन्तहरू झुपडीमा बस्थे, मुठ्ठीभर अन्नले पेट भर्थे, परिधानका नाममा दुईटा लंगौटीले वर्ष दिन काट्थे । तर उनीहरूमा यति शक्ति थियो कि श्राप दिएर हरियो-परियोलाई पनि छिनमै भस्म पार्थे । त्यही शक्तिको अभ्यास गराउँदै पेटभरि नखाऊ भन्नमा सरकार दत्तचित्त छ । यदि सरकारले मानिसहरूलाई बसीबसी यत्तिकै निःशुल्क खान दिन थाल्यो भने मतदाताहरू त आलुका बोराजस्तै सुतेर बस्छन् । त्यसपछि अरूले पनि तिनलाई किन त्यसै छाड्लान् र ? अरूले तिनलाई आलुचप बनाएर खाइहाल्छन् नि ।

त्यसैले त प्रविधि विकासको चुलीमा पुगेका देशहरूले मेहनतभन्दा आरामलाई प्राथमिकता दिन थालेका छन् । भोलि विकास गरेर आरामै गर्नु छ भने अहिले नै किन आराम नगर्ने ? अब भने देशमा केही होला जस्तो छ । वरपर हेर्नुस्, यत्रो अल्छीहरूको राष्ट्रमा प्रतिस्पर्धा कति चर्को छ । यी अल्छीहरूले 'सर्वश्रेष्ठ आलस्य पुरस्कार' जित्नुपर्ने भयो भने, त्यो लिन जान पनि गाह्रो मान्छन् । उनीहरूको प्रश्न हुन्छ, 'पुरस्कार घरमै आउँछ कि लिन जानुपर्छ ?'

अहिले त हाम्रो राष्ट्रको प्रगतिको मूल मन्त्र- 'जागरणको ज्वाला होइन, आलस्यको आनन्द' हो । वास्तवमा आलस्य भनेकै आत्मनिर्भरताको अर्को नाम हो । सरकारले रोजगार सृजना नगरी जनतालाई आराम गर्ने अवसर दिएको छ, जुन भोटको सच्चा सम्मान हो । आलस्यको आनन्द मेहनतको दुःखभन्दा ठूलो हुन्छ । कुनै अल्छी सन्तले भनेजस्तै- 'आज गर्ने काम भोलि, भोलि गर्ने काम पर्सि गर ! हतार नै के छ र ?' यो नीतिमा सरकार पूर्ण सफल छ ।

डिजिटल युगले जीवनलाई अझ सहज बनाउँदै छ । टिभी, पंखा, एसी रिमोटले चल्ने जमानापछि अब इसाराले काम हुने भविष्य आउँदैछ । यूट्युबले किताब पढेर सुनाउने सुविधा ल्याइसकेकै छ, अब ड्रोनले खाना ल्याउने र रोबोटले मुखमा हालिदिने समय टाढा छैन ।

भाग्यवश भगवान्ले हामीलाई जिब्रो र त्यसमा स्वादको क्षमता दिनुभयो । नत्र वैज्ञानिकहरूले हाम्रा पेटमा पनि पाइप फिट गरेर पेट्रोल स्टेसनमा तेल भरेजस्तै फुड स्टेशनमा गएर खाने कुराहरू भर्ने बनाउँथे होला । धनी मानिसहरूले प्रिमियम गुणस्तरका खाना फुल ट्यांक भर्थे भने गरीबले औकात अनुसार जंकफुडले भर्थे होला । न चपाउनुपर्ने दुःख, न दाँत सफा गर्ने झन्झट ।

यसरी आलस्य र आत्मनिर्भरता आपसमा गाँसिएका कुरा हुन् । अल्छी मानिस अद्भुत रूपमा आत्मनिर्भर हुन्छन्, जहाँ बस्छन्, त्यहीँ पत्थर जस्तो स्थिर भएर बस्छन् । पाँच वर्षमा एकपटक मतदान गर्न उठे भने, त्यो पनि ठूलो उपलब्धि हो । त्यसैले त भनेको अल्छी मानिस नै लोकतन्त्रको बलिया आधारशिला हुन् । लोकतन्त्र भनेको अल्छीहरूको स्थायित्वमा आधारित शासन प्रणाली हो । यसरी जबसम्म हामी अल्छी रहन्छौं, लोकतन्त्र बलियो रहने कुरा पक्का छ !


## ज्योति क्यापिटल लि.
JYOTI CAPITAL LTD.
सम्पन्नताको सहयात्री

काठमाडौं २८, कमलपोखरी । फोन नं. ०१-५९१६५४८, ०१/५९१६५४९ । वेबसाइटः www.jyoticapital.com.np

**दोश्रो वार्षिक साधारणसभा सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८१ साल पुष ५ गते)

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस ज्योति क्यापिटल लिमिटेडको मिति २०८१/०९/०४ गते अपरान्ह ५:०० बजे बसेको सञ्चालक समितिको ५७ औं बैठकले गरेको निर्णयानुसार यस क्यापिटलको दोश्रो बार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थानः**

मिति : २०८१ साल पुष २६ गते शुक्रबार (तदनुसार १० जनवरी, २०२५)
समय : विहान ०९:०० बजे ।
स्थान : ज्योति विकास बैंक केन्द्रीय कार्यालयको सभाहल, कमलपोखरी, काठमाडौं ।

**कम्पनीको दोश्रो बार्षिक साधारणसभाको छलफलको विषयसूचीः**

**(क) सामान्य प्रस्तावः**

(१) आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको यस क्यापिटलको २०८१ आषाढ मसान्त सम्मको वासलात तथा आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
(३) आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजनका लागि समेत गरी हाल कायम चुक्ता पूँजीको ३.१६ प्रतिशत नगद लाभांश जम्मा रु.६६,३६,०००/- (अक्षरेपी छैसट्ठी लाख छत्तिस हजार मात्र) वितरण गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।
(५) सञ्चालक समिति बैठकबाट नियुक्त हुनुभएका दुई जना स्वतन्त्र संचालकहरुको नियुक्ती अनुमोदन गर्ने ।

**(ख) बिशेष प्रस्ताव ।**

**(ग) विविध ।**

**साधारण सभा सम्बन्धी अन्य जानकारीः**

(१) यस क्यापिटलको दोश्रो वार्षिक साधारण सभा प्रयोजनको लागि आजका मितिसम्ममा यस क्यापिटलको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन र आ.व. २०८०/८१ को लाभांश लिन पाउने छन् ।
(२) शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता कितावमा कायम रहेको ईमेल ठेगानामा बार्षिक प्रतिवेदन पुस्तिकाको विद्युतीय प्रति पठाउने व्यवस्था गरिएको छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा क्यापिटलको कार्यालय, कमलपोखरी, काठमाडौंबाट प्राप्त गर्न सक्नु हुनेछ ।
(३) साधारण सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ८:०० बजे देखि खुल्ला रहने छ । सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदन पुस्तिकामा समावेश भएको प्रवेश-पत्र साथमा लिई आउनु पर्नेछ । कुनै शेयरधनी महानुभावले कारणवस पुस्तिका नपाउनु भएमा आफ्नो फोटो भएको कुनै परिचय पत्र साथमा लिई आउनु पर्नेछ । परिचय दिने कागजात नदेखाई सभाकक्षमा प्रवेश गर्न पाइने छैन ।
(४) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले क्यापिटलको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) भरी क्यापिटलको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंमा सभा सुरु हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै दर्ता गराई सक्नु पर्नेछ ।
(५) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर, प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन पाउने छ । यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ ।
(६) शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले क्यापिटलको कुनै अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नेछ । त्यसरी प्रतिनिधि (प्रोक्सी) मुकरर नगरिएको अवस्थामा मनोनित गरेको प्रतिनिधिले निज क्यापिटलको शेयरधनी नभएता पनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ ।
(७) संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन् ।
(८) नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट क्यापिटलको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नुहुनेछ । तर संरक्षक आफै शेयरधनी नभएमा संरक्षकले अरु शेयरधनीको प्रतिनिधि (प्रोक्सी) भई सभामा भाग लिन सक्नु हुने छैन ।
(९) शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोला, ब्याग जस्ता बस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । आवश्यक देखेमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।
(१०) साधारण सभा सम्बन्धमा थप जानकारीको लागि क्यापिटलको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाडौंमा सम्पर्क राख्नु हुन समेत अनुरोध गरिन्छ ।

.................................
**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



## होटल इडन प्राईभेट लिमिटेड
का.म.न.पा.-२३, ओमबहाल, काठमाडौं

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति मंसिर २३, २०८१ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफैं उपस्थित हुन वा आफ्नो प्रतिनिधि मनोनयन गरी पठाई भाग लिनु हुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गर्दछौं ।

**१. सभा हुने मिति समय र स्थान :**

**मिति** : पौष २३, २०८१ मंगलबार (जनवरी ०७, २०२५)
**समय** : विहानको ११:०० बजे
**स्थान** : नयाँ बानेश्वर, काठमाडौं स्थित होटल एभरेष्ट Club Lounge 5th Floor Conference Room मा

**२. छलफलको बिषय :**

**१. साधारण प्रस्तावहरुः**

क) संचालक समितिको आ.ब.२०८०।०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
ख) लेखा परीक्षकको प्रतिवेदन सहित आ.ब.२०८०।०८१ को वासलात, नाफा-नोक्सान हिसाब तथा सो ही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।
ग) आ.ब.२०८१।०८२ को लागि लेखा परीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
घ) सञ्चालक समिति गठन गर्ने ।

**२. विशेष प्रस्तावहरुः**

क) कम्पनीको प्रबन्धपत्र तथा नियमावली संसोधन गर्ने ।
ख) कम्पनीको प्रबन्धपत्र तथा नियमावली कम्पनी ऐन, २०६३ ले तोकेको बहुल ढाँचामा परिणत गर्ने ।

**३. विविध ।**

**हरिप्रिया देवी शर्मा**
**अध्यक्ष, सञ्चालक समिति**



## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
**(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)**
केन्द्रीय कार्यालयः भगवतीबहाल, नक्साल, काठमाण्डौ
फोन नं. ०१-४५१३७११,४५१३८४०

**छब्बिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०२)**

श्री शेयरधनी महानुभावहरू,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१/०९/०१ मा बसेको ३२२ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको छब्बिसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. साधारण सभा हुने मिति, समय र स्थानः**

मिति : २०८१/०९/२६ गते शुक्रबार (तदनुसार जनवरी १०, २०२५) ।
समय : बिहान १०:०० बजे ।
स्थान : निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय, नक्साल, काठमाण्डौं ।

**२. साधारण सभामा छलफल हुने विषयहरूः**

**(क) सामान्य प्रस्तावहरूः**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सम्वन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।
(३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावः**

(१) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि वढाउन सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) विविधः**

छब्बिसौं वार्षिक साधारण सभा सम्बन्धी विस्तृत विवरण सहितको सूचना मिति २०८१/०९/०२ गते मंगलबारको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको साथै यस संस्थाको वेबसाइट www.nirdhan.com.np मा समेत राखिएकोले थप जानकारीको लागि सो समेत हेर्नु हुन सवै शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


तथ्यांकोवाच

## विश्वको महाशक्ति राष्ट्रबाट नेपालको आयात

विश्वको महाशक्ति राष्ट्रबाट नेपालले कस्ता कस्ता वस्तु आयात गर्दो होला भन्ने सर्वत्र जिज्ञासा हुनु स्वाभाविक हो । संयुक्त राज्य अमेरिकाबाट नेपालमा कृषिजन्य, इन्धन कोइला, औद्योगिक कच्चापदार्थ र अत्याधुनिक उपकरण आयात बढी हुने गरेको तथ्याँकले दर्शाउँछ ।

भविष्यमा पनि नेपालको व्यापार यही दिशामा अघि बढ्ने प्रस्तुत तथ्यांकले इंगित गरेको छ ।

**आर्थिक वर्ष २०८०/८१ मा नेपालमा संयुक्त राज्य अमेरिकाबाट आयात**

| वस्तु | मूल्य रू. अर्बमा |
|---|---|
| भटमास | ३.४९ |
| कोइला | २.७९ |
| पिना | १.४५ |
| हवाईजहाज पार्ट्स | १.०३ |
| कम्प्युटर सफ्टवेयर | ०.८९ |
| कृत्रिम रेशा | ०.५७ |
| ल्याब रिएजेण्ट | ०.५२ |
| कागजको पल्प | ०.५० |
| स्टार्चको सहउत्पादन | ०.४६ |
| बदाम (आमोण्ड) | ०.४१ |
| चिकित्सा उपकरण | ०.४० |
| सुगन्धित पदार्थ कच्चापदार्थ | ०.४० |
| हवाईजहाजको प्रोपेलर | ०.२४ |
| अल्फागामाबिटा रेका उपकरण | ०.२१ |
| कम्प्युटर | ०.१९ |
| पोलिथिन | ०.१९ |
| मूर्ति | ०.१८ |
| टोमोग्राफी उपरकरण | ०.१५ |
| एअरक्राफ्ट इन्जिन | ०.१५ |
| फाटोग्राफिक प्लेट | ०.१४ |
| रक्त परीक्षण उपकरण | ०.१३ |
| कुखुराको चल्ला | ०.१३ |
| चिकित्सा उपकरणका पार्ट्स | ०.१२ |
| भटमासको कच्चा तेल | ०.१२ |
| पोली इथेलिन | ०.११ |
| इथेलिन अल्फाओलिफिन कोपोलिमर | ०.११ |
| चिकित्सीय सियोहरू | ०.११ |
| एसिटेट पोलिमर्स | ०.१० |
| स्मार्टफोन | ०.१० |
| अन्य | ४.०८ |

*स्रोत : भन्सार विभाग*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर